**पिखुवा खोला, बेहेरे खोला, कावा खोला र सिक्तेल खोलाबाट दिगोरूपमा ढुङ्गा, गिट्टी, बालुवा र रोडाको वातावरणमैत्री उत्खनन तथा सङ्कलन गर्ने कार्यका सञ्चालनका लागि तयार गरिएको**

# प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन

# Initial Environmental Examination (IEE) Report



*पेश गरिएको कार्यालय*

**रामप्रसादराई गाउँकार्यपालिकाको कार्यालय**

**बैकुण्ठे, भोजपुर, नेपाल**

*प्रस्तावक*

**रामप्रसादराई गाउँकार्यपालिकाको कार्यालय,बैकुण्ठे, भोजपुर, नेपाल**

**फोन नं. ९८५२०७३८८८**

**ईमेलःramprasadrai.rm@gmail.com**

## कार्यकारी सारांश

### परिचय

यस प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदनले पूर्वी नेपालको भोजपुर जिल्लाको रामप्रसादराई गाउँपालिका स्थित पिखुवा खोला, बेहेरे खोला, कावा खोला, सिक्तेल खोला क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवा दिगो रूपमा सङ्कलन कार्य गर्दा त्यस क्षेत्रका गाउँपालिकाहरू र भोजपुर नगरपालिका क्षेत्रमा पर्न जाने प्रभावहरूको मूल्याङ्कन गर्दछ । यस अध्ययनको मुख्य उद्देश्य नै खोला नियन्त्रण गर्नका लागि नदीले थुपारेको ढुङ्गा, गिट्टी तथा बालुवा निकाल्दा स्थानीय वातावरणमा पर्न जाने प्रभावहरूको पहिचान गर्नु हो । यस कार्य गर्दा स्थानीय वातावरणमा केही सकारात्मक तथा केही नकारात्मक प्रभावहरू पर्न जाने छन् । यस अध्ययन प्रतिवेदनले सकारात्मक प्रभावहरूलाई प्रोत्साहित गर्ने तथा नकारात्मक प्रभावहरूलाई न्यूनिकरण गर्न उचित परामर्श दिएको छ ।

नेपाल सरकारको विद्यमान वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ अनुसार कुनै पनि नदीबाट ढुङ्गा, गिट्टी तथा बालुवा निकाली निकासी गर्नु पूर्व उक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अथवा वातावरण प्रभाव मूल्याङ्कन गर्नु पर्ने हुन्छ । यस प्रस्तावमा दैनिक १०० देखि ३०० घ.मि. मात्र नदीले थुपारेको ढुङगा, गिट्टी र बालुवा निकालिने मापदण्ड अनुरूप जुन दैनिक १५० घनमिटर भन्दा न्यून भएको हुँदा खोला क्षेत्र संरक्षित राष्ट्रिय निकुञ्ज तथा तिनका मध्यवर्ती क्षेत्र तथा उच्च हिमाली क्षेत्रमा नपर्ने हुँदा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन गरिएको छ । यी अध्ययन प्रतिवेदन नेपाल सरकारको वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ र रामप्रसादराई गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७९ र संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७९ अनुसार तयार पारिएको छ ।

## विध्यमान वातावरणीय अवस्था

### भौतिक वातावरण

यो प्रस्ताव पूर्वी भोजपुर जिल्लाको रामप्रसादराई गाँउपालिकामा रहेका पिखुवा खोला,बेहेरे खोला, कावा खोला, सिक्तेल खोला क्षेत्र जो आफ्नो पालिकाको सिमानाभित्र अवस्थित छ । जाडोमा सुख्खा तथा गर्मीयाममा पानी पर्ने यस जिल्लाको अधिकतम तापक्रम ३२.२ डिग्री सेल्सियस रहेको छ भने न्यूनतम तापक्रम ०.१० डिग्री सेल्सियस र वर्षा १००५.९ मिलिलिटर देखि २१२३ मिलिलिटर सम्म रहेको रेकर्ड पाइएको छ। यस जिल्ला महाभारत पर्वत श्रृङ्खलाले ढाकिएको छ। यो जिल्ला पहाड़ खोच र केही

बेँसीहरू मिलेर बनेको छ। प्रस्ताव क्षेत्र खोलाको तटीय क्षेत्रहरूबाट उत्खनन गरेर स्रोत सङ्कलन सम्पूर्ण प्रस्ताव क्षेत्र ५१३ देखि ६२५ मिटरको उचाइमा अवस्थित छ। खोला तथा नदिका सङ्कलन क्षेत्रहरू समुद्री सतहबाट ५१३ मि. देखि ६२५ मि. माथिका उचाइमा अवस्थित छन् ।

सङ्कलन क्षेत्रका नजिकका पहिरो जाने, बाढीले कटान गर्ने जस्ता जोखिमयुक्त स्थानहरू रहेका छैनन् ।

**जैविक वातावरण**

प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव क्षेत्र दुवै वरिपरि साल, सिसौ, चिलाउने, कॉस, साल, सिमल, उत्तीस, खयर लगायत वनस्पतिहरू पाइन्छन्। यसैगरी बाँदर, खरायो, रतुवा मृग, नौखर्क, चितुवा, वन बिरालो, मृग, लङ्गुर लगायतका वन्यजन्तुहरू प्रस्तावित क्षेत्रवरिपरि भेटिन्छन् । कौवा, जुरेली मयुर, ढुकुर, परेवा, कोइली, सुगा, मलेवा जस्ता पंक्षीहरू यस क्षेत्रमा पाइन्छन् । निगालो, अमिलो, बाँस, काँसजस्ता वनस्पति पनि यस क्षेत्रमा पाइन्छन्।

**सामाजिक तथा आर्थीक वातावरण**

यस प्रस्तावको प्रभाव क्षेत्रमा रामप्रसाद गाउँपालिकाको वडा नं. ४ र ५ पर्दछ साथै प्रभावित क्षेत्रमा रामप्रसाद गाउँपालिकाका सबै वडा, टेम्केमैयुम गाँउपालिकाको वडा नं. ६ र ७, हतुवागढी गाउँपालिकाको वडा नं. १ र २, त्यसैगरी भोजपुर नगरपालिकाको वडा नं. १२ हरू पर्दछन् । यस क्षेत्रमा अधिकांश राईकिराती, ब्राम्हण, क्षेत्री, मगर, तामाङ, शेर्पा, नेवार, गुरुङ लगायतको बाहुल्यता रहेको देखिन्छ । प्रस्ताव क्षेत्र रामप्रसादराई गाउँपालिकामा १५,६७३ जनसङ्ख्या रहेको छ, जसमा ७,७३४ पुरुष र ७,९३९ महिला र ३,७०९ घरधुरी रहेको तथ्याङ्कले जनाउँदछ।

कृषि खेतीपाती तथा पशुपालन यस क्षेत्रका बासिन्दाहरूको मुख्य पेशा हो । आय आर्जनका लागि स्थानीय युवाहरू झापा, इटहरी तथा काठमाडौं, मलेसिया, अरब तथा खाडी मुलुकमा समेत गएको पाइन्छ । केही व्यक्तिहरूको निजी पसल तथा होटल पनि रहेको भेटिन्छ । यहाँको प्रमुख पेशा कृषि हो । हिन्दू, किरात तथा बौद्ध धर्म यहाँका मुख्य धर्म हुन् । यस क्षेत्रमा दसैं, तिहार, बुद्ध पूर्णिमा, ल्होसार जस्ता मुख्य चाडपर्व मानिन्छन् ।

**वातावरणीय प्रभावहरू**

**सकारात्मक प्रभाव**

मुख्यतः प्रस्ताव कार्यान्वयन गर्दा नदीले थुपारेको ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थले नदीको सतह बढाउने, नदीले धार पर्ने र देवी प्रकोप निम्त्याउने जस्ता विपत्तिहरूको रोकथाम हुन्छ । यसको अलावा प्रस्ताव कार्यान्वयनबाट गाउँपालिकाको करको दायरा बढेर राजश्व स्रोतमा वृद्धि हुन

गई स्थानीयस्तरमा सेवा प्रवाह गर्ने सहज हुनेछ। आयोजना कार्यान्वयनले स्थानीयवासीलाई रोजगारीको अवसर सिर्जना गर्छ । प्रस्ताव कार्यान्वयन हुँदा दैनिक न्यूनतम रु. ८२५ श्रमदिन सारको श्रमशक्ति खपत हुनेछ। यसबाट स्थानीयवासीले आफ्नो दैनिक आवश्यकताका वस्तुहरूको परिपूर्ति गरी आफ्नो जीवनस्तरमा परिवर्तन ल्याउने छन्। प्राप्त ज्यालाको सही सदुपयोग हुन सकेमा सानातिना आयमूलक कार्यक्रमहरू जस्तैः पशुपालन, पसल आदि क्रियाकलापले सामाजिक हैसियत र व्यवहारमा पनि परिवर्तन हुन्छ ।

**नकारात्मक प्रभाव**

ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन उत्खनन कार्यमा संलग्न कामदारहरूलाई चोटपटक लाग्ने तथा धुलो धुवाँको कारणले स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्छ । तोकिएको परिमाण भन्दा बढी र अव्यवस्थित ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन/उत्खनन गर्नाले नदीले आफ्नो प्राकृतिक बहाव परिवर्तन गरी नदी किनार कटान र बाढी निम्त्याउन सक्नेछ । नदी किनारका भौतिक संरचनाहरू जस्तै बाटो,पुल, झोलुङ्गे पुल, खानेपानी मुहान, कुलो, मन्दिर, घाट जस्ता संरचनाहरू भत्कने तथा धनजनको क्षति हुन सक्ने सम्भावना रहन्छ ।

**प्रभाव न्यूनिकरणका उपायहरू**

ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन/उत्खनन कार्यमा संलग्न कामदारबाट स्थानीय वन तथा वातावरणमा हुन सक्ने नकारात्मक क्रियाकलापहरूको न्यूनिकरणको लागि कामदारहरूलाई वनमा प्रवेश गरी काठ दाउरा प्रयोग गर्न वा वन्यजन्तुको चोरी शिकारी गर्न रोक लगाइने छ । सङ्कलन कार्य दिउँसोमा मात्र सञ्चालन गर्न अनुमति दिइनेछ । वर्षातको समयमा नदीबाट सङ्कलन गर्न दिइने छैन । माछा संरक्षणको लागि गोला बारुद प्रयोग गरि मार्ने प्रविधिमा रोक लगाउने छ ।

यस प्रस्तावले प्रति दिन जम्मा जम्मी १२६.८३ घनमिटर नदीजन्य पदार्थ सङ्कलन गर्न प्रस्ताव गरेको छ । यस प्रस्ताव कार्यान्वयन गर्दा नदी कटानी, भू-क्षय जस्ता दैवी प्रकोपहरू निम्तिने सम्भावना ज्यादै न्यून हुनेछ । विद्यमान नदी मार्गलाई सुरक्षित र सन्तुलन राख्नका लागि नदीको दायाँबायाँका किनारमा कम्तीमा ५ देखि १० मि. छोडेर मात्र ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन/उत्खनन गरिने छ। संवेदनशील क्षेत्रहरू जस्तै पुल, मन्दिर, बजार र बस्ती दायाँबायाँ कम्तीमा ५०० मिटरसम्म छाडेर उत्खनन गरिने छ ।

ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन/उत्खनन कार्य गर्दा धुलो उत्सर्जन हुन्छ । त्यसैगरी ढुवानी साधनहरूको आवागमनले पनि पर्याप्त धुलो उत्पन्न हुन्छ । यसको न्यूनीकरणको लागि ढुवानी साधनमा नदीजन्य सामग्री राखिसकेपछि त्रिपालले ढाक्ने व्यवस्था मिलाइने छ।

ढुङ्गा, गिट्टी, बालुवाको सङ्कलन/उत्खनन गर्दा कामदारहरूलाई चोटपटक लाग्न सक्छ । धुलोको कारणले श्वास-प्रश्वास र आँखाका रोगहरू लाग्न सक्छन् । ढुवानी साधनहरूको आवत जावतले आकस्मिक दुर्घटनाको सम्भावना पनि त्यतिकै रहन्छ । यस्ता प्रकृतिका प्रतिकूल असर न्यूनिकरण गर्न कामदारहरूलाई स्वास्थ्य तथा सुरक्षाका आधारभूत ज्ञान र औषधी उपचारको लागि प्राथमिक उपचारका सामग्रीहरू जस्तै आयोडिन, ब्यान्डेज प्याड, टेप आदि उपलब्ध गराइने छ ।

## प्रभाव न्यूनिकरणका लागि गरिने कृयाकलाप र बजेट

वातावरणीय प्रभावलाई न्यूनिकरण गर्नका लागि अवलम्बन गरिएका कृयाकलापको कार्यान्वयन पक्ष महत्वपूर्ण हुनेछ।

वातावरणीय प्रभाव न्यूनिकरण सम्बन्धी सचेतना अभिवृद्धि तथा कार्यान्वय उपायहरू समेतको गरि आयोजना अवधिको लागि रु.६५०,००० /- अनुमान गरिएको छ भने नियमित वार्षिक अनुगमनको लागि रु.८५,०००/- बजेट अनुमानित गरिएको छ ।

## वातावरणीय व्यवस्थापन योजना

प्रस्ताव कार्यान्वयन गर्दा यसबाट हुन सक्ने सकारात्मक प्रभावलाई अधिकतम गर्न तथा नकारात्मक प्रभावलाई न्यूनिकरण गर्न त्यस्ता उपायहरूको पहिचान गरी तिनीहरूको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक मानवीय स्रोत र बजेट समेतको व्यवस्था गर्न सिफारिश गरिएको छ । यसका लागि गाउँकार्यपालिकाले अनुगमन व्यवस्थापन योजना बनाई आधार-रेखा, नियमपालन, प्रभाव अनुगमन प्रक्रियालाई सशक्त तुल्याए मात्र उत्खनन कार्य दिगो र वातावरणमैत्री हुन सक्नेछ ।

## निष्कर्ष

प्रस्ताव कार्यान्वयनको चरणमा दैनिक १२६.८३ घनमिटर मात्र नदीजन्य वस्तुको सङ्कलन गरिने हुँदा उल्लेखनीय क्षति हुने वा अपेक्षाकृत धेरै प्रतिकूल प्रभावहरू पर्ने स्थिति देखिदैन । प्रभाव न्यूनिकरणका उपायहरूलाई कार्यान्वयन गरी नियमित रूपमा अनुगमन गर्दा वातावरणमैत्री ढङ्गले प्रस्ताव कार्यान्वयन हुनेछ ।

विकल्पहरूको विश्लेषणमा यो प्रस्तावमा सुझाइएका प्रतिकूल प्रभाव न्यूनिकरणका उपायहरू अवलम्बन गर्दै न्यूनिकरणका कार्यक्रमहरूको कार्यान्वयन गरी तो उपायहरूको अनुगमनको सुनिश्चितता गरी

उपरोक्त अनुसारका ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य स्रोत सङ्कलन तथा बिक्री वितरण गर्न गाउँपालिकाको योजना कार्यान्वयन गर्न यो प्रस्ताव कार्यान्वयनका लागि सिफारिश गर्न सकिने स्पष्ट रूपमा देखिएकोले स्वीकृतिका लागि सिफारिश गरिएको छ।

**विषय सूचि**


कार्यकारी सारांश i-v

**अध्याय एक**

१. परिचय १

११. प्रस्तावको नाम १

१.२. प्रस्तावकको नाम र ठेगाना १

१.३. प्रतिवेदन तयार पार्ने संस्था, संगठन र व्यक्ति १

१.४. प्रस्तावको पृष्ठभूमि २

१.५ IEE को उद्देश्य ३

१.६ प्रस्तावको औचित्यता ३

**अध्याय दुई**

२. प्रस्तावको सामान्य परिचय ४

२.१ प्रस्तावको प्रमुख विशेषताहरू ४

२.२ सङ्कलन तथा उत्खनन कार्यस्थल र प्रकृया ५

२.३. प्रस्तावको वयान ६

२.३.१. प्रस्तावको उद्देश्य ६

२.३.२. प्रस्ताव क्षेत्रको अवस्थिति ६

२.३.३. प्रस्तावित क्षेत्रमा यातायातको पहुँच ९

२.२.४. प्रस्तावको क्षेत्र निर्धारण ९

२.३.५. सङ्कलन/उत्खनन र ढुवानी (कार्य र विधि) १०

२.४. सङ्कलन/उत्खनन गरिने परिमाणको आँकलन ११

**अध्याय तीन**

३. अध्ययन विधि १३

३.१. प्रकाशित/उपलब्ध जानकारी र तथ्याङ्कको पुनरावलोकन एवम् संश्लेषण १३

३.२. स्थलगत सर्वेक्षण एवं प्रस्ताव क्षेत्र निरीक्षण १४

३.३. सार्वजनिक सूचना, जनपरामर्श एवं सिफारिस पत्रहरू १५

३.४. तथ्याङ्क विश्लेषण प्रभावहरूको पहिचान/अनुमान/मूल्याङ्कन, प्रभाव न्यूनिकरण विधिहरूको पहिचान सुझाव एवं प्रतिवेदन तयारी १५

**अध्याय चार**

४. विद्यमान ऐन नियम, नीति, निर्देशिका, मापदण्ड एवम् सम्मेलनहरूको पुनरावलोकन १७

४.१ वातावरण सम्बन्धी ऐन तथा नियमावली १७

४.२ वन सम्बन्धी ऐन तथा नियमावली १७

४.३. वन्यजन्तु संरक्षण सम्बन्धी ऐन तथा नियमावली १८
४.४ भू-तथा जलाधार संरक्षण सम्बन्धी ऐन तथा नियमावली १८
४.५ स्थानीय सरकार सञ्चालन ऐन १८
४.८ निर्देशिका १९
४.६.१ वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका १९
४.७ अन्तराष्ट्रिय सन्धि तथा महासन्धिहरू १९
**अध्याय पाँच**
५. वस्तुगत वातावरणीय अवस्थाको बयान २०
५.१. भौतिक वातावरण २०
५.२. जैविक वातावरण २५
५.३. सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण २८
**अध्याय छ**
६. प्रस्ताव कार्यान्वयनका विकल्पहरू ३५
६.१ प्रस्ताव कार्यान्वयन नगर्ने ३५
६.२ प्रस्तावका विकल्पहरू ३५
६.२.१ वैकल्पिक क्षेत्र ३५
६.२.२ वैकल्पिक समय तालिका एवम् विधि ३६
६.२.३ वैकल्पिक सम्पदा ३६
**अध्याय सात**
७. प्रभाव पहिचान, अनुमान एवं मुल्याङ्कन ३७
**अध्याय आठ**
८. वातावरणीय व्यवस्थापन योजना ४३
८.१. वातावरणीय व्यवस्थापनका लागि जिम्मेवार निकायहरू ४३
८.१.१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ४३
८.१.२ वन तथा वातावरण मन्त्रालय ४३
८.१.३ जिल्ला समन्वय समिति भोजपुर ४४
८.१.४ जिल्ला वन कार्यालय, भोजपुर ४४
८.१.५ रामप्रसादराई गाउँपालिका अनुगमन तथा समन्वय समिति ४४
८.१.६ गाउँपालिका तथा स्थानीय गैरसरकारी तथा समुदायमा आधारित संस्थाहरू ४४
८.२. वातावरणीय व्यवस्थापन योजना र समय तालिका ४६
८.३ अनुगमन तथा वातावरणीय व्यवस्थापन योजना र समय तालिका ५३
८.३.१. वातावरणीय अनुगमनको प्रकार ५३

८.४. अनुगमन र न्यूनिकरणको खर्चको विवरण ५९
८.५. वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि जिम्मेवार
निकायहरूको सङ्गठनात्मक स्वरुपः ६०
**अध्याय नाउँ**
१०. निष्कर्ष एवम् सुझावहरू ६१
**सन्दर्भ सामग्रीहरू** **६२**
**अनुसूचिहरू**
**अनुसूची १ स्विकृत कार्यसूचीको चिठी** **६३**
**अनुसूची २ सार्वजनिक सूचना** **६४**
**अनुसूची ३ सम्बन्धित वडा तथा संस्थाहरूबाट प्राप्त मुचुल्का तथा सिफारिश पत्रहरू** **६८**
**अनुसूची ४ अध्ययनको क्रममा सार्वजनिक सुनुवाइमा उपस्थित व्यक्तिहरूको सूची** **७९**
**अनुसूची ५ फोटोहरू** **८४**
**अनुसूची ६ गुगल, टोपो र विविध नक्शाहरू** **८७**

**चित्रहरूको सूची**

चित्र नं. १ प्रस्ताव क्षेत्रको अवस्थिति ८
चित्र नं. २ पिखुवा खोला, बेहेरे खोला, कावा खोला र सिक्तेल खोलाका गुगल नक्शा ९
चित्र नं. ३ रामप्रसादराई गाउँपालिकाको भौगर्भिक नक्शा २१
चित्र नं. ४ भौगर्भिक नक्शामा उत्खनन तथा सङ्कलन क्षेत्र १ को भू-उपयोग २४
चित्र नं. ५ भौगर्भिक नक्शामा उत्खनन तथा सङ्कलन क्षेत्र २ को भू-उपयोग २५
चित्र नं. ६ रामप्रसादराई गाउँपालिकाको राजनैतिक नक्शा २८
चित्र नं. ७, जिम्मेवार निकायहरूको सङ्गठनात्मक स्वरूप ६०

**तालिकाहरूको सूची**

तालिका नं. १. अध्ययनटोली २
तालिका नं. २. प्रस्तावको मुलभूत विशेषताहरू ४
तालिका नं. ३. सङ्कलन तथा उत्खनन क्षेत्र ५
तालिका नं. ४. प्रस्तावित क्षेत्रमा जाने पहुँच मार्ग ५
तालिका नं. ५. प्रस्ताव क्षेत्रको अवस्थिति ७
तालिका नं. ६. सङ्कलन तथा उत्खनन गरिने परिमाणको आकलन ११
तालिका नं. ७. सङ्कलन गर्न सकिने स्रोतवस्तुको परिमाण मौज्दात १२
तालिका नं. ८. उत्खनन क्षेत्र वरपरको भू-उपयोग २३

तालिका नं. ९. प्रस्तावित उत्खनन क्षेत्र वरपरका वनमा पाइने मुख्य वनस्पतिहरू २६
तालिका नं. १०. रामप्रसादराई गाउँपालिकाको राष्ट्रिय जनगणना २०७८,
अनुसारको जनसाङ्ख्यिक विवरण २८
तालिका नं. ११. शिक्षा एवम् साक्षरता २९
तालिका नं. १२. पेशा र आर्थिक अवस्थिति ३०
तालिका नं. १३. खानेपानी, स्वास्थ्य तथा सरसफाइ ३१
तालिका नं. १४. प्रभावित गाउँपालिकाका स्वास्थ्य केन्द्रहरू ३२
तालिका नं. १५. उत्खनन क्षेत्रको पहुँच मार्ग ३३
तालिका नं. १६. प्रभाव पहिचान, अनुमान एवम्मूल्याङ्कन ३७
तालिका नं. १७. वातावरण व्यवस्थापन योजनाको खाका ४६
तालिका नं. १८. अनुगमनका सूचक ५४
तालिका नं. १९. अनुगमन तथा वातावरणीय व्यवस्थापन योजना र समय तालिका ५६
तालिका नं. २०. अनुगमन र न्यूनिकरणको खर्च विवरण ५९

**संक्षिप्त नामहरुः**

| | | |
|---|---|---|
| कि.मि. | - | किलोमिटर |
| के.जि. | - | किलोग्राम |
| गा.पा. | - | गाउँपालिका |
| गा.वि.स. | - | गाउँ विकास समिति |
| जि.स.स. | - | जिल्ला समन्वय समिति |
| न.पा. | - | नगरपालिका |
| प्रा.वा.प.(IEE) | - | प्रारम्भिक वातावरणीय परीक्षण |
| वा.सं.ऐ.(EPA) | - | वातावरण संरक्षण ऐन |
| वा.प्र.मु.(EIA) | - | वातावरणीय प्रभाव मूल्याङ्कन |
| वा.सं.नि.(EPR) | - | वातावरण संरक्षण नियमावली |
| प्रा.लि. | - | प्राइभेट लिमिटेड |
| मि. | - | मिटर |
| मि.मि. | - | मिलि मिटर |
| ने.रु. | - | नेपाली रुपैयाँ |
| घ.मि. | - | घन मिटर |
| सा.व. | - | सामुदायिक वन |
| °से. | - | डिग्रि सेन्टिग्रेड |
| CITES | - | Convention on International Trade in Endangered Species of Wild Fauna and Flora |
| DRM | - | Disaster Risk Management |
| EMP | - | Environmental Management Plan |
| GPS | - | Global Positioning System |
| IUCN | - | International Union for Conservation of Nature |
| LAPA | - | Local Adaptation Plan of Action |
| LDCRP | - | Local Disaster and Climate Resilience Plan |
| NAPA | - | National Adaptation Program of Action |
| NPHC | - | National Population and Housing Census |
| PAF | - | Project Affected Families |
| SPAF | - | Severely Project Affected Families |

**अध्याय एक**

**(CHAPTER-1)**

## १. परिचय (Introduction)

### १.१. प्रस्तावको नाम (Name of the Proposal)

रामप्रसादराई गाउँपालिका भएर बग्ने पिखुवा खोला, बेहेरे खोला, कावा खोला र सिक्तेल खोलाबाट दिगोरूपमा ढुङ्गा, गिट्टी, बालुवा र रोडाको वातावरणमैत्री उत्खनन तथा सङ्कलन ।

### १.२. प्रस्तावकको नाम र ठेगाना (Name and Address of Proponent)

पिखुवा खोला, बेहेरे खोला, कावा खोला र सिक्तेल खोलाबाट दीगोरूपमा ढुङ्गा, गिट्टी, बालुवा र रोडाको वातावरणमैत्री उत्खनन तथा सङ्कलन गर्ने कार्यका लागि प्रस्तावक रामप्रसादराई गाउँपालिका रहेको छ । यस अयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनको कार्यसूची तथा अध्ययन प्रतिवेदन बनाउने जिम्मेवारी पनि प्रस्तावककै हो । प्रस्तावकको नाम तथा ठेगाना तल उल्लेख गरिएको छ ।

**प्रस्तावकको नाम र ठेगाना:**

रामप्रसादराई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बैकुण्ठे, भोजपुर, नेपाल ।

**फोन नं. ९८५२०७३८८८**

**इमेलः ramprasadrai.rm@gmail.com**

### १.३. प्रतिवेदन तयार गर्ने संस्था/सङ्गठन र व्यक्ति (Institutional/Individuals Responsible for Preparing the Report)

प्रस्तावित अयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनको प्रतिवेदन तयार पार्ने जिम्मेवारी प्रस्तावककै रहेको छ । प्रस्तावककले यस अयोजनाको प्रारम्भिक वातावरणीय अध्ययनको कार्यसूची तयार गर्नका लागि जेनियल न्युज प्रा.लि. नामक संस्थाको प्राविधिक सहयोग लिइएको छ । यो संस्थाको कार्यालय सातदोबाटो ललितपुरमा रहेको छ । यस संस्थाको नाम र ठेगाना तल उल्लेख गरिएको छ ।

**परामर्शदाताको नाम तथा ठेगाना**

जेनियल न्युज प्रा.लि.

सातदोबाटो, ललितपुर, नेपाल

फोन नं९८४११८०३७८ -.

इमेल :**xenialnews4@gmail.com**

**अध्ययन टोली (Study Team)**

अध्ययन टोलीमा निम्नानुसार विज्ञ सम्मिलित हुनेछन् । यस प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनको कार्यमा संलग्न अध्ययन टोली निम्नानुसार रहेका छन्।

**तालिका नं. १.अध्ययन टोली**

| **नाम** | **पद** |
|---|---|
| नवीन वनेम | टोलीप्रमुख/ सामाजशास्त्री |
| कल्पना डंगोल | वातावरणविद् |
| प्रमोद ढकाल | भूगर्भविद् |
| शोभा रावत | पर्यावरणविद् |
| युवराज शिवाकोटी | वातावरण तथा पर्यावरणविद् |
| सामना श्रेष्ठ | प्राविधिक/सिभिल इन्जिनियर |

## १.४. प्रस्तावको पृष्ठभूमि (Background):

नेपाललाई हिमाली देश भनेर चिनिन्छ जसको ८०% भन्दा बढी हिस्सा हिमाली र पहाडी क्षेत्रले ओगटेको छ । यस क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा तथा रोडा जस्ता गैर वन उत्पादनहरूको ठुलो सम्भावना रहेको छ । त्यसैगरी देशका कैयौँ नदी र खोलाहरू यी सामग्रीको मुख्य स्रोत हुन् । लामो समयदेखि सडक र भवन निर्माण जस्ता पूर्वाधारका लागि बालुवा र गिट्टीको समग्ररूपमा प्रयोग हुँदै आइराखेको छ । यी सामग्रीको माग दिनानुदिन बढिरहेको छ । नेपालमा ढुङ्गा, गिट्टी, बालुवा तथा रोडाको मुख्य स्रोत खोला तथा नदी उत्खनन हो ।

भोजपुर जिल्लाको रामप्रसादराई गाउँपालिकामा अवस्थित पिखुवा खोला, बेहेरे खोला, कावा खोला र सिक्तेल खोला क्षेत्रमा प्रशस्त मात्रामा ढुङ्गा, गिट्टी, बालुवा र रोडा लगायतका निर्माण सामग्री उपलब्ध रहेको छ । यस जिल्लाको जनसङ्ख्या जुन गतिमा वृध्दि भइरहेको छ सोही गतिलाई मध्यनजर राखि सामान्य निर्माणका कार्यहरु पनि सँगसँगै अघि बढिरहेका छन् । उक्त निर्माण कार्यलाई अवश्यक पर्ने निर्माण सामग्रीहरू जस्तै ढुङ्गा, गिट्टी, बालुवाको पनि माग यस जिल्लामा तीब्र रूपमा बढ्दै गइराखेको छ । यी सामग्रीको उत्खननलाई अझ व्यवस्थित तर वातावरण मैत्री बनाउनका लागि प्रस्तावक रामप्रसादराई गाउँपालिका, बैकुण्ठे भोजपुरले यी नदीजन्य स्रोतहरूलाई दीगो र वातावरणीय हिसाबले उत्खनन तथा सङ्कलन गर्ने योजना बनाएको छ । स्थानीय तहमा वातावरण तथा स्रोत संरक्षण सम्बन्धमा बनेको ऐन २०७९ अनुसार गाउँपालिका क्षेत्राधिकार भित्र रहेका ढुङ्गा, गिट्टी, बालुवा र रोडाको उत्खनन तथा सङ्कलन नेपालको सङ्घीय सरकारले जारी गरेको ढुङ्गा, गिट्टी, बालुवा र रोडाको मापदण्ड २०७७ बमोजिम कार्य हुने भनि रामप्रसादराई गाउँपालिकाले पारित

गरेको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन कार्यसूची अनुरूप उत्खननपूर्व यो प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरिएको हो ।

**१.५.IEE को उद्देश्य (Objectives of IEE)**

IEE अध्ययन गर्नाका मुख्य उद्देश्यहरू निम्नानुसार छन् ।

प्रस्तावित क्षेत्रको विद्यमान भौतिक, जैविक तथा सांस्कृतिक र सामाजिक वातावरणीय अवस्था प्रस्तुत गर्ने ।

प्रस्तावित क्षेत्रवरिपरि बसोवास गर्नेबासिन्दाहरूको रायसुझाव समेत सङ्कलन गरि प्रस्ताव कार्यान्वयनलाई वातावरणमैत्री बनाउने।

प्रस्ताव कार्यान्वयन गर्दा उत्पन्न हुन सक्ने वातावरणीय प्रभावहरूको पहिचान गर्ने ।

यकिन गरिएका वातावरणीय प्रभावहरूको न्यूनिकरणका उपायहरू सिफारिश गर्ने, प्रतिकूल प्रभावलाई न्यूनिकरण गर्ने र अनुकूल प्रभावलाई अधिकतम गर्ने उपायहरू अवलम्बन गर्न सुझाव दिने ।

उल्लेखित समयावधि भित्रै न्यूनिकरणका उपायहरू लागू गर्न वातावरणीय व्यवस्थापन योजना बनाएर त्यसको कार्यान्वयन सम्पन्न गर्ने ।

**१.६. प्रस्तावको औचित्यता (Relevancy):**

वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची १ (ग) खानी क्षेत्र अन्तर्गतको (७) मा र रामप्रसादराई गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७९ अनुसार नदी सतहबाट दैनिक १०० देखि ३०० घन मिटरसम्म ढुङ्गा,गिट्टी, बालुवा, मिस्कट आदि निकाल्ने प्रस्तावको लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने कानुनी प्रावधान रहेको छ। प्राकृतिक स्रोतहरूको उपयोग गर्दा वातावरणमा पर्न सक्ने अनुकूल प्रभावलाई बढोत्तरीकरण गर्ने तथा प्रतिकूल प्रभावलाई निरोधात्मक उपचारात्मक प्रभाव न्यूनिकरणका विधिहरू अपनाएर हटाउन वा न्यून गर्ने र उक्त कार्यको वातावरणीय अनुगमन गर्न र प्रस्तावको कार्यान्वयन चरणलाई व्यवस्थित गर्न वातावरणीय व्यवस्थापन योजना तयार गर्न प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन गरिएको हो।

# अध्याय दुई
# CHAPTER-2

## २. प्रस्तावकोसामान्य परिचय (General Description of the Proposal):

प्रस्तावको विवरण तलको तालिकामा दिइएको छ।

### २.१.प्रस्तावको प्रमुख विशेषताहरू

**तालिका नं. २.प्रस्तावको मुलभूत विशेषताहरू**

| | | |
|---|---|---|
| १ | **प्रस्तावको नाम** ; रामप्रसादराई गाउँपालिका भित्रका पिखुवा खोला, बेहेरे खोला, कावा खोला र सिक्तेल खोला बगर क्षेत्रबाट दीगो रूपमा ढुङ्गा, गिट्टी,बालुवा र रोडाको दीगो र वातावरणमैत्री उत्खनन तथा सङ्कलन कार्य गर्ने । | |
| २ | **प्रस्तावको अवस्थिति** | |
| | प्रदेशः | कोशी |
| | जिल्ला: | भोजपुर |
| | गाउँपालिका | रामप्रसादराई गाउँपालिका |
| ३ | **भौगोलिक हावापानी/प्रकृति एवम् विवरणः** | |
| | **खोलाको नाम र प्रकार** | **खोलाको प्रकार**<br>पिखुवा खोला, बाह्रमासे<br>बेहेरे खोला, बाह्रमासे<br>कावा खोला बाह्रमासे<br>सिक्तेल खोला बाह्रमासे |
| | भूउपयोग | |
| | भूबनोट | चट्टाननै चट्टानले बनेको अग्लो होचो भूभाग |
| | माटो | बालुवा बढी भएको दुमाट माटो |
| | उचाइ (समुद्र सतहमाथिको) | ५१३ मि.देखि ६२५ मि. |
| | हावापानी | उष्ण मौसमि हावापानी |

## २.२. सङ्कलन तथा उत्खनन कार्य स्थल र प्रकृया:(Collection Sites, Materials and Methods)

**तालिका नं. ३.सङ्कलन तथा उत्खनन क्षेत्र**

| क्षेत्र | उत्खनन क्षेत्र | नदी, खोला | उत्खनन गरिने | अवस्थिति | भौगोलिक अवस्थिति |
|---|---|---|---|---|---|
| | | | स्रोतवस्तु | | |
| क्षेत्र १ | पिखुवा बेहेरे खोला दोभान असपास, बेहेरे खोला किनार र पिखुवा खोलाको रामप्रसादराई गाउँपालिका क्षेत्र तर्फको किनारा मात्र | पिखुवा खोला बेहेरे खोला | ढुङ्गा, गिट्टी, बालुवा, रोडा मिस्कट | रामप्रसादराई गा.पा. वडा नं. ४ र भोजपुर नगरपालिका वडा नं. १२ | २७°७'९.३१" अक्षांश ८७°३'४९.२५"देशान्तर ५१३ मिटर उचाइ |
| क्षेत्र २ | रामप्रसादराई गाउँपालिकाबाट हतुवागढी गाउँपालिका जाने बाटोको खोला तर्ने कावाखोलाको असपास, कावाखोलाको रामप्रसादराई गाउँपालिका क्षेत्र तर्फको किनारा मात्र | कावा खोला | ढुङ्गा, गिट्टी, बालुवा र रोडा मिस्कट | रामप्रसादराई गा.पा. वडा नं. ५ र हतुवागढी गाउँपालिका वडा नं. १ र २ | २७°३'५६.९" अक्षांश ८७°५'११.८" देशान्तर ५४६ मिटर उचाइ |

**तालिका नं. ४. प्रस्तावित क्षेत्रमा जाने पहुँच मार्ग**

| | | |
|---|---|---|
| प्रस्तावित क्षेत्रमा जाने पहुँच मार्ग | क्षेत्र १, बेहेरे पिखुवा दोभान | भोजपुर न.पा. बजारबाट बेहेरे पिखुवा खोला दोभान हुँदै डडुवा, मानेभञ्ज्याङ, चिलाउनेटार बैकुण्ठे सडक |
| | क्षेत्र २, कावा खोला | भोजपुर न.पा. बजारबाट बेहेरे पिखुवा दोभान, डडुवा, कावाखोला, लुङगीन तथा हतुवागढी गा.पा. केन्द्र घोरेटार रानीबास सडक रहेको |
| सङ्कलन र उत्खनन बिधि | | सामान्य हाते औजार वा कामदार वा व्यक्ति |

| | |
|---|---|
| | विशेषले सङ्कलन तथा उत्खनन गरि निकालिने |
| सङ्कलन र उत्खनन कार्यमा प्रयोग हुने सामग्री वा मेसिनरी | टिपर, ट्याक्टर आदि |
| दैनिक/वार्षिकसङ्कलन/उत्खननको परिणाम | १२६.८३ घन मिटर दैनिक |
| सङ्कलन/उत्खनन गरिने अवधि | वर्षायाम बाहेक (२७० दिन प्रतिवर्ष) |
| सङ्कलन तथा उत्खनन स्थानको सङ्ख्या | २ |
| सङ्कलन तथा उत्खनन गरिने सामग्री | ढुङ्गा, गिट्टी, बालुवा र रोडा |
| प्रस्ताव अन्तरगतका कार्यहरू | सङ्कलन, उत्खनन र ढुवानी |
| प्रभावित गाउँपालिका/नगरपालिका/वस्ती | रामप्रसाद गाउँपालिकाको वडा नं. ४ र ५ पर्दछ साथै प्रभावित क्षेत्रमा रामप्रसाद गाउँपालिकाका सबै वडा, टेम्केमैयुम गाँउपालिकाको वडा नं. ६ र ७, हतुवागढी गाउँपालिकाको वडा नं. १ र २, त्यसैगरी भोजपुर नगरपालिकाको वडा नं. १२ |
| IEE प्रतिवेदनकोवैधानिकता | २ वर्ष |

**२.३. प्रस्तावको बयान (Proposal Description):**

२.**३.१. प्रस्तावको उद्देश्य (Objectives of the Proposal):**

जथाभावी उत्खनन सङ्कलनबाट हुनसक्ने वातावरणीय प्रभावहरू जस्तै नदीको बहाव परिवर्तन, भूक्षय का अन्य सामाजिक सम्पत्तिहरूमा हानि नोक्सानी नहुने गरि वातावरणमैत्री रूपमा ढुङ्गा, गिट्टी र बालुवा सङ्कलन, आपूर्ति व्यवस्थापन गर्ने।

स्थानीय स्तरमा आय आर्जन वृद्धि गरि स्थानीय विकासका आवश्यकतालाई सम्बोधन गर्ने ।

खेर गइरहेको प्राकृतिक सम्पदाबाट स्थानीय अर्थतन्त्रको विकासमा योगदान पुर्याउने ।

स्थानीय बासिन्दाहरूमा वैकल्पिक रोजगारीको सृजना गर्ने । ।

जैविक विविधताको संरक्षण तथा सम्बर्धन गर्दै गरिबी निवारणमा टेवा पुर्याउने ।

**२.३.२ प्रस्तावको अवस्थिति (Proposal Location)**

भोजपुर जिल्ला भएर बग्ने पिखुवा खोला, बेहेरे खोला, कावा खोला र सिक्तेल खोलाका बगरबाट दीगो रूपमा ढुङ्गा, गिट्टी, बालुवा तथा रोडाको सङ्कलन/उत्खनन गर्ने योजना रामप्रसाद गाउँपालिकाको रहेको छ । उल्लेखित खोलाका विभिन्न तटीय क्षेत्रहरूमा अवस्थित सङ्कलन/उत्खनन क्षेत्रहरू कुल २ वटा पर्दछ । निम्न तालिकामा विभिन्न सङ्कलन/उत्खनन क्षेत्रहरूको अवस्थिति प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५. प्रस्ताव क्षेत्रको अवस्थिति**

| क्षेत्र | उत्खनन क्षेत्र | खोला वा नदी | **अवस्थिति** | भौगोलिक अवस्था |
|---|---|---|---|---|
| क्षेत्र-१ | पिखुवा बेहेरे दोभान असपास, बेहेरे खोला किनार र पिखुवा खोलाको रामप्रसादराई गाउँपालिका क्षेत्र तर्फको किनारा मात्र | पिखुवा खोला बेहेरे खोला | रामप्रसादराई गा.पा. वडा नं. ४ र भोजपुर नगरपालिका वडा नं. १२ | २७°७'९.३१" अक्षांश ८७°३'४९.२५"देशान्तर ५१३ मिटर उचाइ |
| क्षेत्र-२ | रामप्रसादराई गाउँपालिकाबाट हतुवागढी गाउँपालिका जाने बाटोको खोला तर्ने कावाखोलाको असपास, कावाखोलाको रामप्रसादराई गाउँपालिका क्षेत्र तर्फको किनारा मात्र | कावा खोला | रामप्रसादराई गा.पा. वडा नं. ५ र हतुवागढी गाउँपालिका वडा नं. १ र २ | २७°३'५६.९" अक्षांश ८७°५'११.८" देशान्तर ५४६ मिटर उचाइ |

**चित्र नं. १.प्रस्ताव क्षेत्रको अवस्थिति**



**चित्र नं. २. पिखुवा खोला, बेहेरे खोला, कावा खोला र सिक्तेल खोलाका गुगल नक्शा**




### २.३.३. प्रस्तावित क्षेत्रमा यातायातको पहुँच (Proposal Component Accessibility):

उत्खनन क्षेत्रको यातायातको पहुँचको हकमा सबै उत्खनन क्षेत्रमा सडक विस्तार भएको छ। पिखुवा खोला र बेहेरे खोला दोभान मध्यपहाडी लोकमार्ग भोजपुरबाट पुग्न साकिन्छ। सिक्तेल खोला दोभानमा पनि भोजपुर नगरपालिका हुँदै पुग्न सकिन्छ। कावा खोलामा रामप्रसादराई गाउँपालिका हुँदै हतुवागढी र हतुवागढीबाट कावा पिखुवा दोभान पुग्न सकिन्छ।

### २.३.४. प्रस्तावको क्षेत्र निर्धारण (Delineation of Zone of Influence) (ZoI):

प्रस्तावित उत्खनन क्षेत्रमध्ये वातावरणीय हिसावमा उच्च प्रभाव क्षेत्र (High Impact Area: HIA) र न्यून प्रभाव क्षेत्र (Low Impact Area: LIA) गरि क्षेत्र निर्धारण गरिएको छ ।

**उच्च प्रभाव क्षेत्र (High Impact Area: HIA):** उत्खनन क्षेत्र तथा त्यसको १०० मिटर परिधिसम्मको क्षेत्रलाई उच्च प्रभाव क्षेत्रको रूपमा छुट्याइएको छ। जहाँ उत्खनन कार्य, सङ्कलनका क्रममा थुपार्ने स्थान आदि पर्दछ ।

**न्यून प्रभाव क्षेत्र (Low Impact Area: LIA):** न्यून प्रभाव क्षेत्रमा प्रत्यक्ष उत्खनन र सङ्कलनका कार्यहरू नहुने भएतापनि सामाजिक आर्थिक प्रभाव पर्न सक्ने कुरालाई मध्यनजर राखेर क्षेत्र निर्धारण गरिएको छ । उच्च प्रभाव क्षेत्रबाट ५ कि.मि. परिधिभित्र पर्ने क्षेत्र तथा बस्तीहरूलाई यस क्षेत्रभित्र सीमाङ्कन गरिएको छ ।

**२.३.५. सङ्कलन/उत्खनन र ढुवानी (कार्य र विधि) (Collection/Extraction and Transportation (Activities and Methods):**

प्रस्तावित नदी तथा खोलाहरूबाट दीगो रूपमा, ढुङ्गा, गिट्टी र बालुवा सङ्कलन/उत्खनन गर्दा मुख्यतया निम्न तरिकाहरू अवलम्बन गरिने छ ।

- यस प्रतिवेदनले तोकेको स्थानबाट मात्र ढुङ्गा, गिट्टी तथा बालुवा र मिस्कटको सङ्कलन/उत्खनन गर्ने ।
- वातावरणीय हिसाबले संवेदनशील क्षेत्रहरू जस्तैः कल्भर्ट, कुलो, खानेपानीको मुहान तथा कुवा क्षेत्र आदि रहेको स्थान वरिपरिबाट स्रोतवस्तु सङ्कलन/उत्खनन नगर्ने, त्यस्ता संवेदनशील क्षेत्रहरूबाट २० मिटर परबाट मात्र उत्खनन गर्ने ।
- विद्यमान नियम अनुसार पुल क्षेत्रको ५०० मी. नदीको माथि र तलसम्म उत्खनन नगर्ने, त्यस्ता छेत्रको उत्खननका बारेमा होर्डिङ वा अन्य सूचना प्रदायक उपाय अवलम्बन गर्ने ।
- नदी कटान हुन सक्ने स्थान वा कमजोर भू-अवस्थिति भएको स्थानमा ग्याबियन वालको निर्माण गर्ने ।
- नदीमा पानी भइरहेको वा बगिरहेको क्षेत्रवाट स्रोत ननिकाल्ने ।
- नदीको धार परिवर्तन हुने गरी स्रोत सङ्कलन नगर्ने ।
- नदीको पानीको सतहभन्दा गहिरो हुने गरी स्रोत उत्खनन नगर्ने ।
- उत्खनन कार्यको लागि कामदार वा व्यक्तिबाट सामान्य औजार जस्तै: साबेल हथौँडा वा त्यस्तै औजारको प्रयोगबाट उत्खनन गर्ने ठुला ठुला मेसिनरी डोजर, ब्याक आदि प्रयोग निषेध गर्ने ।
- तोकिएको दैनिक परिमाणभन्दा बढी उत्खनन नगर्ने ।
- ढुवानीको हकमा ट्र्याक्टर, टिपरहरू प्रयोग गर्ने ।

उपरोक्त स्रोतहरू सङ्कलन कार्य गर्दा, समय परिमाण आदि सबै उपलब्ध विषयलाई गम्भीरताका साथ हेरी त्यस सम्बन्धमा सङ्कलनकर्ता, ठेकेदार र कामदारलाई तालिम दिई सङ्कलन गरिने छ । त्यसरी सङ्कलन गर्दा निस्केका उप-उत्पादन (प्रयोग नहुने सामग्रीहरू) लाई उचित व्यवस्थापन गरिने छ ।

### २.४. सङ्कलन तथा उत्खनन गरिने परिमाणको आकलन (Estimation of Quantity of Extraction of Sediments):

निम्न तालिकाले उत्खनन क्षेत्रमा वार्षिक अवधिमा थुप्रिने स्रोत वस्तुहरूको परिमाणको विवरण उल्लेख गरिएको छ ।

**तालिका नं. ६. सङ्कलन तथा उत्खनन गरिने परिमाणको आकलन**

| क्षेत्र | उत्खनन क्षेत्र | खोला | स्रोतवस्तु | खोलाको उत्खनन गरिने लम्बाइ (मि.) | बगरसहितको खोलाको औसत चौडाइ (मि.) | सङ्कलन भएको स्रोतवस्तुको औसत वार्षिक गहिराइ(मि.) | स्रोतवस्तुको वार्षिक सङ्कलन परिणाम (घ.मि.) |
|---|---|---|---|---|---|---|---|
| क्षेत्र १ | पिखुवा बेहेरे दोभान, बेहेरे खोलाको दुवै किनारा | पिखुवा र बेहेरे खोला | रोडा, बालुवा, गिट्टी मिस्कट | २९,१२० वर्गमिटर; (२२ वटा polygon रहेकोले, अनुसूची ६ को ५) | | ०.४ | ११,६४८ |
| क्षेत्र २ | कावा पिखुवा दोभान रामप्रसादराई गा.पा. क्षेत्राधिकारका किनारा मात्रै | कावा खोला | बालुवा, गिट्टी र रोडा मिस्कट | ५६,४९५ वर्गमिटर; (११ वटा polygon रहेकोले, अनुसूची ६ को ५) | | ०.४ | २२,५९८ |

*खोलाको दुवै किनारा उत्खनन भए बगरसहितको खोलाको चौडाइ ।

खोलाको पानी बगेको भागबाट उत्खनन गर्दा खोलाको पानी बहावमुनिको सतहबाट र खोलाको पानी बगेको भित्र भागबाट स्रोतवस्तु सङ्कलन नगर्ने योजना छ । निम्न तालिकाले सङ्कलन गर्न सकिने स्रोतवस्तुको परिमाण मौज्दात प्रस्तुत गर्दछ । जसमा नदीको दुवैतिरबाट उत्खनन/सङ्कलन गर्ने अवस्थामा नदीको पानी बगेको चौडाइ घटाएर वार्षिक तथा दैनिक रूपमा सङ्कलन गर्न सकिने परिमाण हिसाब गरिएको छ। नदीको लम्बाइ, सङ्कलन गर्न सकिने बगर क्षेत्रको चौडाइ र वार्षिक रूपमा थुपिने स्रोतको गहिराइको गुणनफलबाट सङ्कलन गर्न सकिने स्रोतवस्तुको मौज्दातको हिसाब परिमाण निकालिएको छ ।

**तालिका नं. ७. सङ्कलन गर्न सकिने स्रोतवस्तुको परिमाण मौज्दात**

| **क्षेत्र** | **उत्खनन क्षेत्र** | **खोला** | **स्रोतवस्तु** | **खोलाको उत्खनन गरिने लम्बाइ (मि.)** | **उत्खनन गर्न सकिने बगर क्षेत्रको चौडाइ (मि.)** | **सङ्कलन भएको स्रोतवस्तुको औषत वार्षिक गहिराइ(मि.)** | **स्रोतवस्तुको वार्षिक सङ्कलन परिमाण (घ.मि.)** | **स्रोतवस्तुको दैनिक सङ्कलन परिमाण (घ.मि.)** |
|---|---|---|---|---|---|---|---|---|
| क्षेत्र १ | पिखुवा बेहेर दोभान देखि बेहेरे खोला तिरैतिर | पिखुवा र बेहेरे | रोडा, बालुवा, गिट्टी मिस्कट | २९,१२० वर्गमिटर; (२२ वटा polygon रहेकोले, अनुसूची ६ को ५) | | ०.४ | ११,६४८ | ४३.१४ |
| क्षेत्र २ | कावा र पिखुवा दोभान आसपास, कावा खोला तिरैतिर | कावा खोला | बालुवा, गिट्टी र रोडा मिस्कट | ५६,४९५ वर्गमिटर; (११ वटा polygon रहेकोले, अनुसूची ६ को ५) | | ०.४ | २२,५९८ | ८३.६९ |
| | **कुल जम्मा** | | | | | | | **१२६.८३** |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

# अध्याय तीन
# CHAPTER-3

## ३. अध्ययन विधि (Study Methodology):

यस प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन, वातारण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ (संशोधन सहित) मा व्यवस्था भएका प्रक्रियाहरू अनुशरण गरि अध्ययन गरिएको थियो । जस अनुसार सर्वप्रथम प्राथमिक तथा सहायकका आधारमा सूचना जानकारीको अध्ययन तथा सङ्कलन, उत्खनन क्षेत्रको स्थलगत भ्रमण तथा अवलोकन, स्थानीय जनसमुदायहरू तथा रामप्रसादराई गाउँपालिकाका वडाहरू र प्रभावित क्षेत्रका वडा र पालिकासँग प्रस्तावको बारेमा जानकारी दिने तथा लक्षित वर्गसँग छलफल, परामर्श आदि सम्पन्न गरियो । स्थलगत भ्रमण तथा अवलोकनबाट प्राथमिक स्तरका भौतिक तथा जैविक वातावरणीय जानकारी सङ्कलन गरियो भने सामाजिक आर्थिक जानकारी राष्ट्रिय जनगणना २०६८ तथा २०७८ बाट साभार गरिएको थियो।

### ३.१. प्रकाशित/उपलब्ध जानकारी र तथ्याङ्कहरूको पुनरावलोकन एवम् संश्लेषण (Review and Synthesis of Secondary Information and Data)

#### (क) कार्यालय अध्ययन तथा सन्दर्भ सामायीहरूको पुनरावलोकन

प्रारम्भिक वातावरणीय परीक्षण गर्न आवश्यक पर्ने सहायक स्रोतका जानकारीहरू विभिन्न उपलब्ध प्रतिवेदनहरूबाट साभार गरियो । सामाजिक, आर्थिक जानकारीहरू राष्ट्रिय जनगणना २०६८ तथा २०७८ बाट समेत प्राप्त भयो । साथै रामप्रसादराई गाउँपालिकाबाट प्राप्त गरि प्रतिवेदनमा उल्लेख गरियो । सन्दर्भ सामग्रीको हकमा वातावरण संरक्षण ऐन २०७६ वतावरण संरक्षण नियमावली २०७७ र अनुसूची हेरफेर २०७९ समेत, राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५० र पुरक २०७१, स्थानीय सरकार सञ्चालन ऐन २०७४, वन ऐन २०७६, वन नियमावली २०७९, रामप्रसादराई गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७९ र संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७९ आदि सङ्कलन गरि अध्ययन गरिएको थियो।

#### (ख) नक्शाहरूको अध्ययनः

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको भौगोलिक अवस्था पिखुवा खोला, बेहेरे खोला, कावा खोला र सिक्तेल खोलाहरूको अवस्थितिका बारेमा वन तथा वातावरणको जानकारी हासिल गर्नका लागि नापी विभागबाट प्रकाशित टोपो नक्शा र जिल्ला समन्वय समितिको कार्यालयमा उपलब्ध सन्दर्भ सामग्रीहरू समेत अध्ययन गरी विवरणहरूको जानकारी लिइएको थियो ।

### ३.२. स्थलगत सर्वेक्षण एवम् प्रस्ताव क्षेत्र निरीक्षण (Field Survey and Site Investigation):

अवलोकनबाट प्राप्त गर्नु पर्ने जानकारीहरू हासिल गर्नका लागि भौतिक सांस्कृतिक तथा विवरण सम्बन्धी आवश्यक सम्पूर्ण बुँदाहरू समाविष्ट हुने गरी आवश्यकतानुसार चेकलिस्टहरू निर्माण गरिमा स्वीकृत कार्यसूचिमा निर्दिष्ट गरिएका उच्च प्रभाव (उत्खनन क्षेत्रबाट १०० मि. परिधि) तथा न्यून प्रभाव क्षेत्र(उच्च प्रभाव क्षेत्रबाट ५ कि.मि. परिधि)हरूमा अध्ययन टोलीले निरीक्षण गरि भौतिक, सांस्कृतिक तथा जैविक वातावरण सम्बन्धी जानकारी हासिल गरेको थियो ।

**(क) जैविक वातावरण सम्बन्धी तथ्याङ्क सङ्कलन कार्य**

वनको किसिम, अवस्था तथा जीवजन्तुको प्रजाति आदिबारे जानकारी समेटिनुका साथै स्थानीय बासिन्दाहरूको भनाइ बमोजिम वन्यजन्तु तथा पशुपंक्षीबारे टिपोट गरिएको थियो । जसबाट प्रत्यक्ष रूपमा देखिएका अप्रत्यक्ष रूपमा पाइएका पदचिन्ह छाया, बिष्टा, आवाज आदिबाट जीवजन्तु पहिचान गरी सोको जानकारी हासिल गरिएको थियो । माछाबारे जानकारी लिन नदी, खोलामा भेटिएका साथै माछा मार्ने स्थानीय व्यक्तिहरूबाट जानकारी सङ्कलन गर्नुका साथै सोको नाम र प्रकृति समेतको अध्ययन गरिएको थियो । प्रस्ताव कार्यान्वयन हुने वन क्षेत्रहरूमा पाइने र आवतजावत गर्ने खासगरी स्तनधारी, चरा र घस्रने प्रजातिका वन्यजन्तुको बारेमा थप जानकारी लिन स्थानीय जनताहरूसँग सोधपुछ गरिएको थियो । उपरोक्त जैविक वातावरणबारे जानकारी लिने क्रममा तोकिएका स्थानहरुमा भ्रमण गरी विवरण सङ्कलन गर्ने कार्य गरिएको थियो ।

**(ख) भौतिक वातावरण सम्बन्धी तथ्याङ्क सङ्कलन कार्य**

उपरोक्त प्रस्ताव कार्यान्वयन हुने क्षेत्रहरूमध्ये केही महत्वपूर्ण स्थानहरूको नमूना क्षेत्रहरूको छनौट गरीती स्थानहरूको सर्वेक्षण गरिएको थियो । यसरी अध्ययन गर्न भ्रमण गर्ने काममा स्थानीय जनताहरू र वन उक्त क्षेत्रको माटो, बालुवा चट्टान, जलाधार क्षेत्र, भू-क्षय हुने क्षेत्र, खोलानालामा पानीको अवस्था आदि बारेमा समूहगत रूपमा छलफल गरी प्रस्ताव कार्यान्वयन गर्दा पर्न सक्ने प्रभाव आदिका बारेमा जानकारी सङ्कलन गर्ने कार्य गरिएको थियो ।

**(ग) सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण सम्बन्धी तथ्याक सङ्कलन कार्य**

यसको लागि खासगरी स्थलगत रूपमा ग्रामीण लेखाजोखा विधिको प्रयोग गरिएको थियो । विभिन्न जाति, धर्म, पेशा, वर्ग आदिको प्रतिनिधित्व हुनेगरी समूहगत छलफलबाट सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण सम्बन्धी जानकारी सङ्कलन गरिएको थियो ।

अन्य जानकारी प्राप्त गर्नका लागि स्थानीय जानकार व्यक्तिहरूसँग भेटघाट गरिएको थियो । रीतिरिवाज, सांस्कृतिक सम्पदाहरू जस्तैः मठ मन्दिर पर्यटकीय स्थलहरूको अवलोकन भ्रमण र

मन्दिरहरूका पुजारी लगायतका जानकार व्यक्तिसँगको छलफल समेतबाट जानकारी सङ्कलन गर्ने कार्य गरी सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरण पर्ने सक्ने प्रभावका बारेमा जानकारी हासिल गरिएको थियो । यसको अतिरिक्त, विभिन्न समूह, समुदाय वा पेशागत समूह, सङ्घ संस्था आदिसँगको छलफल, अन्तरक्रिया र गोष्ठीको समेत आयोजना गरिएको थियो ।

### ३.३. सार्वजनिक सूचना, जनपरामर्श एवम् सिफारिश पत्रहरू (Public Notice, Public Consultation and Recommendation Letters):

सर्वसाधारणलाई प्रस्ताव जानकारी प्रदान गर्ने हेतुले २०८० ज्येष्ठ २६ गते राष्ट्रिय पत्रिका सौर्य दैनिकमा सार्वजनिक सुनुवाइका लागि ११ दिने सूचना प्रकाशित गरिएको थियो । त्यसैगरी लिखित तथा मौखिक सल्लाह सुझाबका लागि राष्ट्रिय पत्रिका सौर्य दैनिकमा सार्वजनिक सूचना २०८० असार ६ गते १० दिने भनेर प्रकाशन गरियो साथै भोजपुर एफ.एम. रेडियो भोजपुरमा र टुडिखेल डटकम डिजिटल अनलाइन सञ्चारमा समेत सूचना प्रकाशन गरियो (अनुसूची ३)। उक्त सार्वजनिक सूचना प्रकाशित गर्नुको मुख्य उद्‌देश्य यसको प्रस्ताव प्रतिको धारणा तथा राय सुझाव सङ्कलन गर्नु थियो । प्रकाशित उक्त सूचना प्रभावित गाउँपालिका, नगरपालिका, वडा कार्यलय, शैक्षिक संस्थाहरूमा समेत टाँस गरि सोको मुचुल्का, प्रमाणित कागजात, सिफारिशहरू सम्बन्धित गाउँपालिका, नगरपालिका र वडाहरूबाट प्राप्त गरिएको थियो ।

जन परामर्शको हकमा लक्षित समूहको छलफल मिति २०८० ज्येष्ठ २६ गते देखि असार ६ गतेसम्म सम्बन्धित गाउँपालिका र नगरपालिकाका उत्खनन क्षेत्र वरिपरिका स्थानीय बासिन्दाहरू समेतको उपस्थितिमा सम्पन्न गरियो र सो छलफलबाट प्राप्त राय सुझावहरूलाई प्राथमिकताका साथ प्रतिवेदनमा संलग्न गराई छलफलमा उठेका सवालहरूलाई यस प्रतिवेदनमा सम्बोधन गरिएको छ। साथै सम्बन्धित गाउँपालिका, नगरपालिका तथा वन कार्यालयबाट प्रस्ताव कार्यान्वयनको लागि सिफारिश समेत प्राप्त गरियो (अनुसूची ३)।

### ३.४. तथ्याङ्क विश्लेषण प्रभावहरूको पहिचान/अनुमान/मूल्याङ्कन, प्रभाव न्यूनिकरण विधिहरूको पहिचान सुझाव एवं प्रतिवेदन तयारी (Data Analysis, Identification/Prediction/Evaluation of Impacts, Identification/Suggestion of Mitigation Measures and Reporting)

प्रस्तावित क्षेत्रको विशेष अध्ययन गर्दा गरिएको विश्लेषणबाट आएका प्राथमिक र सहायक स्रोतबाट प्राप्त भएका तथ्याक तथा जानकारीलाई संक्षिप्तीकरण गरी आवश्यकता अनुसार तालिकामा राखी प्रतिवेदनको उपयुक्त भागमा समावेश गरिएको छ । तसर्थ प्राप्त जानकारीहरूबाट (सन्दर्भ सामग्री तथा स्थलगत अनुगमन पुनरावलोकनबाट प्राप्त) प्रस्ताव कार्यान्वयन गर्दा हुने सम्भाव्य अनुकूल र प्रतिकूलको असरहरूको पहिचान गरी त्यसको जैविक भौतिक सामाजिक आर्थिक गरी तीन शीर्षक अन्तर्गत छुट्याई प्रभाव अनुमान तथा मूल्याङ्कन गरियो । यसरी प्रभाव मूल्याङ्कन गर्दा राष्ट्रिय

वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५० र पुरक २०७१, अनुरूप प्रभावहरूलाई त्यसको प्रकृति, मात्रा, विस्तार र अवधि (Nature, Magnitude, Extent and Duration) मा वर्गीकरण गरि मूल्याङ्कन गरिएको थियो । तत्पश्चात् प्रभावहरूलाई न्यूनिकरण गर्न मितव्ययी तथा व्यावहारिक उपायहरूको पहिचान गरि यस प्रतिवेदनमा समाविष्ट गरिएको छ ।

# अध्याय चार

# (CHAPTER-4)

## ४. विद्यमान ऐन नियम, नीति, निर्देशिका, मापदण्ड एवम् सम्मेलनहरूको पुनरावलोकन (Review of Legislation, Policies, Laws and Guidelines)

ढुङ्गा, गिट्टी, बालुवा र रोडा (स्रोत) सङ्कलन/उत्खननको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नका लागि तथा सो प्रस्ताव कार्यान्यवन गर्नका निमित्त सो सम्बन्धी प्रचलित ऐन कानुन तथा नियमका वारेमा विस्तृत जानकारी हुनु अति आवश्यक छ । वातावरणमा पर्न सक्ने असरका वारेमा अत्यन्त सचेत रहँदै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा समेत विभिन्न बहस तथा साझा योजना र नीतिहरूमाथि ऐक्यबध्दता जाहेर गर्नु पर्ने परिप्रेक्ष्यमा वन, वन्यजन्तु लगायत वातावरणका सबै अङ्गहरूको वैज्ञानिक ढङ्गले संरक्षण, सम्बर्धन तथा सदुपयोग गर्नका लागि पनि यस्ता ऐन कानुन सम्बन्धि जानकारी हुनु पर्ने र त्यस्ता सम्बन्धित नीति नियमहरूले निर्देश गरे बमोजिम प्रस्ताव कार्यान्वयन गर्न जरुरी छ ।

### ४.१ वातावरण सम्बन्धी ऐन तथा नियमावली

विकास आयोजना तथा कार्यक्रमहरू सञ्चालन गर्दा वातावरणीय पक्षलाई समावेश गर्न वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ लागू गरिएको छ । सो ऐनको दफा ३ र ४ मा प्रस्तावकले तोकिए बमोजिमका प्रस्तावहरूको प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने र त्यस्ता प्रस्ताव सम्बन्धित निकायबाट स्वीकृत नगराई कार्यान्वयन गराउन नहुने व्यवस्था समेत गरेको छ। वातावरण संरक्षण नियमावली २०७७ को नियम ३ अनुसूची २ बमोजिम नदीनाला सतहबाट ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन गर्नु परेमा दैनिक १०० घ.मि. देखि ३०० घ.मि.सम्मको उत्खनन तथा सङ्कलन गर्नु पूर्व प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने उल्लेख गरिएको छ । सोही नियमावलीको परिच्छेद २ मा प्रारम्भिक वातावरणीय परीक्षण गर्दा अपनाउनु पर्ने चरणबद्ध प्रकृयाहरूको उल्लेख गरेको छ ।

### ४.२ वन सम्बन्धी ऐन तथा नियमावली

वन जङ्गलको संरक्षण गरी वातावरणको प्रवर्धन गर्न र वन पैदावारको समुचित सदुपयोग गरी जनताको आधारभूत आवश्यकता परिपूर्ति गर्न नेपाल सरकारले वन ऐन २०७६ र वन नियमावली २०७९ लागू गरेको छ । वन ऐन २०७६ को परिच्छेद २ को दफा १८ देखि २२ मा सरकारद्वारा व्यवस्थित वनको दीगो व्यवस्थापनका लागि कार्ययोजना तयार गरी स्वीकृत हुनु पर्ने तथा कार्य योजनाले निर्दिष्ट गरेको बाहेक अन्य कुनै पनि कार्य गराउन नपाइने कानुनी प्रावधान रहेको छ ।

सोही ऐनको २२ मा सरकारद्वारा व्यवस्थित वनको वनपैदावारको स्वामित्व तथा बिक्री वितरण गर्ने व्यवस्था भएको पाइन्छ । वन ऐन, २०४९ को उपयुक्त दफाहरूलाई वन नियमावली २०७९ को परिच्छेद २ को नियम ५ देखि प्रष्ट पारेको छ । जसमा वनपैदावार सङ्कलन गर्दा अपनाउनु पर्ने तरिका बिक्री व्यवस्था निकासी गर्ने अवधि तथा कस्तो अवस्थामा वन पैदावार सङ्कलन र बिक्री गर्न नपाइने आदि उल्लेख गरको छ ।

यसका अतिरिक्त वन ऐन २०७६ को परिच्छेद १२ को दफा ४२ ले कुनै राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना सञ्चालन गर्दा वातावरणमा उल्लेख्य प्रतिकूल असर नपर्ने भएमा नेपाल सरकारले राष्ट्रिय वन प्रयोग गर्न दिन सक्ने प्रावधान गर्दै वन ऐन २०७६ दफा ४२ उपदफा ८ ले त्यस्तो आयोजना सञ्चालन गर्दा कसैलाई हानी नोक्सानी पुग्न गएमा सम्बन्धित आयोजनाले नै क्षतिपूर्ति दिनु पर्ने प्रावधान गरी जनसधारणको मौलिक हकको सुरक्षाको प्रत्याभूति दिएको छ।

### **४.३ वन्यजन्तु संरक्षण सम्बन्धी ऐन तथा नियमावली**

दुर्लभ वन्यजन्तुहरूको संरक्षण गर्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ लागू भएको छ । यस ऐनको दफा १० ले निकुञ्ज, आरक्ष संरक्षण क्षेत्र वा अन्य वन क्षेत्रमा पाइने २६ किसिमका स्तनधारी ९ किसिमका पंक्षी र ३ किसिमका सरीसृपलाई संरक्षित वन्यजन्तुको दर्जा दिई ति वन्यजन्तुलाई मार्न पक्रन वा लखेट्न वा अन्य किसिमले हानी नोक्सानी पुर्‍याउन निषेध गरेको छ । यस अन्तर्गत लागू गरिएको कानून सम्पूर्ण किसिमका वन क्षेत्रवा नेपाल अधिराज्य भर लागू भएको छ ।

### **४.४ भू तथा जलाधार संरक्षण सम्बन्धी ऐन तथा नियमावली**

भू तथा जलाधार संरक्षण ऐन, २०४९ (मिति २०७४ साल कार्तिक मसान्तसम्म भएका संशोधन समेत) तथा भू तथा जलाधार संरक्षण नियमावली, २०४२ मा जलाधार क्षेत्रहरूमा भू-क्षय तथा बाढी पहिरोको प्रकोपलाई न्यूनिकरण गर्न विभिन्न प्रावधानहरू समावेश गरिएको छ ।

### **४.५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिका र जि.स.स.लाई आफ्नो क्षेत्राधिकारभित्रका वातावरण संरक्षण तथा प्रवर्धन गर्न वन, वनस्पति जैविक विविधता, भू-संरक्षण सम्बन्धमा योजना तयार गरी कार्यान्वयन गर्न गराउन सक्ने अधिकार प्रदान गरेको छ ।

### ४.६ निर्देशिका

#### ४.६.१ वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका

नेपाल सरकारले आठौँ योजनाको नीति कार्यान्वयनमा सहयोग पुगोस भन्नको लागि वातावरण संरक्षण ऐन र वातावरण संरक्षण नियमावली ल्याउनु अगाडि नै एक राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० लागू गरिसकेको छ । यो निर्देशिकाले अध्ययनको क्रममा जनसहभागिता जुटाउनै पर्ने आवश्यक सूचनाहरूका सङ्कलन गर्ने, विवादका विषयहरूको गम्भीरता पूर्वक मूल्याङ्कन गर्ने र वातावरणीय अध्ययनको लागि ती विषयहरूको प्राथमिकता निर्धारण गर्ने कुराहरूलाई प्रष्ट रूपमा जोड दिएको छ ।

### ४.७. अन्तराष्ट्रिय सन्धि तथा महासन्धिहरू

माथि उल्लेख गरेका ऐन नियमका अतिरिक्त केही अन्तर्राष्ट्रिय कानुनहरूलाई प्रस्ताव कार्यान्वयनका लागि प्रारम्भिक वातावरण परीक्षणका क्रममा ध्यान दिनु पर्ने हुन्छ । नेपालले हस्ताक्षर गरेका विभिन्न सन्धि महासन्धिहरू एउटा दस्तावेजको रूपमा रहेका छन् । यस्ता अन्तर्राष्ट्रिय महासन्धिहरूमा जैविक विविधता सम्बन्धी महासन्धि (CBD, Convention on Biological Diversity), साइटिस (CITES, Convention on International Trade in Endangered Species of Wild Flora and Fauna), सिमसार सम्बन्धी महासन्धि (Convention on Wetlands of International Importance) आदि प्रमुख रहेका छन्। यी महासन्धिहरूले प्राकृतिक स्रोत व्यवस्थापन तथा जीव र वनस्पति संरक्षण निश्चित गर्न आवश्यक प्रावधानको व्याख्या गरेका छन् ।

# अध्याय पाँच
# (CHAPTER-5)

## ५. वस्तुगत वातावरणीय अवस्थाको बयान (Description of Existing Environmental Conditions)

यस अध्यायमा प्रस्ताव क्षेत्रको वस्तुगत वातावरणीय अवस्थाको चित्रण गरिएको छ । यी जानकारीहरू सन्दर्भ सामग्री या प्रस्ताव क्षेत्रको भ्रमणबाट प्राप्त भएका हुन् । प्रस्ताव क्षेत्रको जैविक, भौतिक तथा सांस्कृतिक, सामाजिक, आर्थिक वातावरण सम्बन्धि वस्तुगत वातावरणीय अवस्था निम्नानुसार छन्।

### ५.१. भौतिक वातावरण (Physical Environment)

#### क) भूस्थिति (Topography)

भोजपुर जिल्लाको रामप्रसादराई गाउँपालिका कोशी प्रदेश अवस्थित एक पहाड़ी गाउँपालिका हो । रामप्रसादराई गाउँपालिकाको केन्द्र उचाइ समुद्र सतहबाट करीब १५०० मिटर सम्म अवस्थित छ । यस जिल्ला महाभारत पर्वत श्रृङ्खला ढाकिएको छ। यो जिल्ला पहाड़, खोच र केही बेँसीहरूमा मिलेर बनेको छ । प्रस्ताव क्षेत्र नदीको तटीय क्षेत्रहरूबाट उत्खनन गरेर स्रोत सङ्कलन गरिने र सम्पूर्ण प्रस्ताव क्षेत्र ५०० देखि ६०० मिटरको उचाइ मा अवस्थित छ ।

## ख) माटोको प्रकार एवम् भूगर्भ (Geology and Soil Types)

**चित्र नं. ३. रामप्रसादराई गाउँपालिकाको भौगर्भिक नक्शा**




रामप्रसादराई गाउँपालिका नेपाली हिमालयको लेसर हिमालय खण्डमा स्थित छ। यसक्षेत्रमा दुई प्रमुख भूगर्भिक गठनहरू, अर्थात सरुङखोला गठन (एसके) रतवा खोला गठन रहेका छन्। यो रिपोर्टको उपलब्ध जानकारीहरू माथि आधारित एक विस्तृत भौगर्भिक अवलोकन प्रदान गर्ने उद्देश्य छ।

सरुङखोला गठन (एसके) यस क्षेत्रमा एक प्रमुख भूगर्भिक एकाइ हो। यसमा फाइन-टेक्स्चर गाढा सानो खारा र सबै तर्कसङ्गत गहिरो सेता क्वार्ट्ज बायोटाइट स्किस्टहरू, क्वार्ट्ज फेल्डस्पार बायोटाइट स्किस्टहरू भरपर्दोरुपमा क्वार्ट्जाइटर माइसेसियस क्वार्ट्जाइटहरूसँग लेनारियो तथा पेग्मेटाइटहरूमा घुसेको देखापर्छ। यस गठनमा छन् बेडहरू सामान्यतया उत्तरपूर्व दिशामा ०-२० डिग्रीको हल्का ढल्किने गरेका छन्।

।

यसक्षेत्रमा प्रायः ग्रानाइटिक अतिसन्दर्भहरू देखिएको छ। यी अतिसन्दर्भहरूले भौगर्भिक गठनहरूको भित्रीमा ग्रानाइटिक प्लुटनहरू र वाडाइकहरूको उपस्थिति देखाउँछ। यस्ता ग्रानाइटिक अतिसन्दर्भहरूको विशेष निष्कर्ष र संरचना अध्ययनका लागि थप विवरण अध्ययनका आवश्यकता छ।

यस क्षेत्रको भौगर्भिक संरचना माझमा हल्का ढल्किने र सामान्यतया समतल बेडहरूलाई देखाउँछ। सरुङ खोला गठनले उत्तरपूर्व दिशामा हल्का ढल्किने गर्छ, भने तवा खोला गठनले दक्षिण पश्चिम दिशामा ढल्किने गर्छ । यी संरचनाका विशेषताहरूले क्षेत्रको भूगर्भिक परिदृश्य र भौगर्भिक ढाँचामा सहयोग प्रदान गर्छ।

रामप्रसादराई गाउँपालिका प्रमुखतया पत्थरहरूको आवरणले छोपिएको छ, जहाँमाथि केही सानो वनस्पति पनि पर्दछ। पत्थरहरूले भूवैज्ञानिक गठनहरूको आधार बनाउँछन् भने वनस्पति आवरणले क्षेत्रको महत्वपूर्ण पारिस्थितिकीय घटनालाई प्रदान गर्दछ । वनस्पति र भौगर्भिक ढाँचासँगको सम्बन्धको विस्तृत अध्ययन नीतिशास्त्रीय अध्ययन र भूमि व्यवस्थापनका लागि महत्वपूर्ण हुनसक्छ।

निष्कर्षमा; भोजपुरको रामप्रसादराई ग्रामीण गाउँपालिका भौगर्भिक रिपोर्टले सरुङ खोला गठन (एसके) रतवा खोला गठनको उपस्थिति जनाउँछ। यी गठनहरू विभिन्न पथरका प्रकारहरू जस्तै क्वार्ट्ज बायोटाइट स्किस्टहरू, क्वार्ट्ज फेल्डस्पार बायोटाइट स्किस्टहरू, गार्नेटिफेरस मस्कोभाइट बायोटाइट क्वार्ट्ज स्किस्टहरू र अन्य पत्थरहरूले यस गाउँपालिकाका भौगर्भिक पृष्ठका गहिरो संरचनाहरूको देखिन्छन् । यसका अलावा, ग्रानाइटिक अतिसन्दर्भहरूको प्रतिस्थापन र वनस्पति र पृष्ठकवर्तनका सम्बन्धमा विशेष अध्ययन आवश्यक छ। यो प्रतिवेदन भौगर्भिक विज्ञान, पथर प्रविधि, भूविज्ञान, भूमिव्यवस्थापन, ग्रानाइटिक परिदृश्य, वनस्पति, भौगर्भिक ढाँचा र अन्य सम्बन्धित क्षेत्रहरूमा अध्ययन गर्ने व्यक्तिहरूका लागि मार्गदर्शन प्रदान गर्दछ।

**ग) जलाधार क्षेत्र (Basin Hydrology)**

पिखुवा खोला मैयुङ डाँडाबाट उत्पति भएर पूर्वी दक्षिण दिशामा बगेको र अन्त्यमा अरुण नदीमा पुगेर बिलय हुने गर्दछ । पिखुवा खोलाले रामप्रसादराई गाउँपालिका भित्र करीब १४ कि.मि.को यात्रा तय गरेको छ । यसमा टेम्के डाँडाबाट पनि १ खोला शाखा बगेर आएर मिसिएको छ । पिखुवा खोलामा नै सिक्तेल खोला मिसिएको छ । यो खोला टेम्के डाँडाकै अर्को पट्टीबाट बगेर आइ मिसिएको हो । यसले करीब ९ कि.मी. को यात्रा गर्दछ । बेहेरे खोलामा गङ्गा खोला, नागछाँगा खोला मिसिएका छन् भने बेहेरे खोलाको शिर पामाखाम डाँडा रहेको छ । यो बेहेरे खोला करीब ७ कि.मि. यात्रा गर्दछ । बेहेरे खोला पिखुवा खोलामानै पुगेर सकिन्छ । त्यसैगरी कावा खोला पनि पिखुवा खोलामा नै पुगेर अन्त्य हुन्छ । यसले करीब ९ कि.मि. को बाटो तय गरेको छ । यसमा आरी खोला, माक्वा खोलाहरू शाखा बनाएर बगेको छ ।

**(घ) जलवायु/हावापानी (Climate)**

यस क्षेत्रको उचाइको विविधताले गर्दा फरक फरक जलवायु रहेको पाइन्छ । औसत रूपमा यस क्षेत्रको हावापानीलाई उपोषण र शितोष्णको (Sub-tropical and Temperate) रूपमा वर्गीकरण गर्न सकिन्छ । यहाँ अधिकतम तापक्रम ३२.२ डिग्री सेल्सियस रहेको छ भने न्यूनतम तापक्रम ०.१० सेल्सियस रहेको छ । वार्षिक वर्षा सरदर १००५.९ मि.लि.देखि २१२३ मि.लि.सम्म रहेको रेकर्ड पाएको छ।

**(ङ) हावा र पानीको गुणस्तर एवम् ध्वनिको मात्रा (Air and Water Quality and Noise Level)**

रामप्रसादराई गाउँपालिका र यसका आसपास ग्रामीण-शहरी क्षेत्रको अनुपातलाई हेर्दा ग्रामीण क्षेत्र मात्र बढीरहेको तथा जनसङ्ख्याको अनुपात पनि उल्लेख्य रूपमा ग्रामीण भेगमा बढीरहेको राष्ट्रिय जनगणना २०७८ ले देखाउँछ । मूलतः कृषि पेशामा आश्रित यस क्षेत्रमा उद्योग कलकारखाना आदिको विकास खासै धेरै नभएको कारण यस क्षेत्रको हावा र पानीको गुणस्तरलाई राष्ट्रिय मापदण्डभित्र रहेको मान्न सकिन्छ यद्यपि सडक वरपरका बस्तीहरूमा भने सवारी साधनहरूबाट हुने वायु प्रदुषण केही मात्रामा देख्न सकिन्छ । ध्वनिको मात्राको हकमा ग्रामीण क्षेत्रभन्दा सडक क्षेत्र आसपास बढीरहेको अवस्था छ ।

**च) भू उपयोग (Land-use)**

रामप्रसादराई गाउँपालिकाको कुल क्षेत्रफल १५६.२५ वर्ग कि.मी. रहेको छ । जसमध्ये केही भू-भाग वनक्षेत्रले ओगटेको छ भने केही प्रतिशत भू-भाग कृषि योग्य जमिन छन् । प्रस्तावित उत्खनन क्षेत्रहरूको नजिकको भू- उपयोगको हकमा प्रायः कृषि क्षेत्रहरू पर्दछन् । तल उल्लेखित तालिकामा उत्खनन क्षेत्र वरपरको भू-उपयोग प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८. उत्खनन क्षेत्र वरपरको भू-उपयोग**

| क्षेत्र | उत्खनन क्षेत्र | नदी वा खोला | नजिकको भू-उपयोग |
|---|---|---|---|
| क्षेत्र १ | पिखुवा बेहेरे दोभान | | कृषि योग्य भू-भाग |
| क्षेत्र २ | कावा खोला किनार, रामप्रसादराई गा.पा. क्षेत्राधिकार भित्र | कावा खोला | कृषि योग्य भू-भाग |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

**च. १. भौगर्भिक नक्शामा उत्खनन तथा सङ्कलन क्षेत्र १ को भू-उपयोग निम्नानुसार रहेको छ ।**

**चित्र नं. ४. भौगर्भिक नक्शामा उत्खनन तथा सङ्कलन क्षेत्र १ को भू-उपयोग**



**च.२. भौगर्भिक नक्शामा उत्खनन तथा सङ्कलन क्षेत्र २ को भू-उपयोगनिम्नानुसार रहेको छ ।**

**चित्र नं. ५. भौगर्भिक नक्शामा उत्खनन तथा सङ्कलन क्षेत्र २ को भू-उपयोग**




## ५.२. जैविक वातावरण (Biological Environment)

रामप्रसादराई गाउँपालिकाको कूल क्षेत्रफल १५६.२५ वर्ग कि.मी.रहेको छ । अर्थात यस जिल्लाको कूल क्षेत्रफल केही प्रतिशत भू- भाग वनक्षेत्रले ओगटेको छ। जिल्लाको करीब दुई तिहाई वन क्षेत्र महाभारत पर्वत श्रृङ्खलाले ढाकिएको छ। यो जिल्ला पहाड, खोच र केही बेँसीहरूमा छरिएको छ । प्रस्तावित क्षेत्रमा कुनै आरक्षित संरक्षित वा सांस्कृतिक, ऐतिहासिक वा वास्तुगत संरचनाका हिसाबले महत्वका स्थानहरू पर्दैनन् र प्रस्ताव क्षेत्रमा पाइने वनस्पतिहरूमा साल प्रमुख हो भने अन्य प्रजातिहरूमा पाइनेजामुन, पिपल, केरा, चिलाउने, सिसौ, खयर, सतिवयर, कदम, करम, सल्ला, खनिया, आँप, बाँस, खिर्रा, चिउरी, बोटध्यरो, धगेरा, फडिर, पइलेटल, अङ्गेरी मुख्य रहेका छन् र त्यस्तै औषधीय गुण रहेका प्रजातिहरू पनि यस भेगमा उपलब्ध छन् ।

**क) वनस्पति**

प्रस्तावित उत्खनन क्षेत्र वरपरका वनमा पाइनेमुख्य वनस्पतिहरू निम्नानुसार छन् ।

**तालिका नं. ९. प्रस्तावित उत्खनन क्षेत्र वरपरका वनमा पाइने मुख्य वनस्पतिहरू**

| क्षेत्र | खोला | मुख्य वनस्पतिहरू |
|---|---|---|
| क्षेत्र १ | पिखुवा खोला र बेहेरे खोला | साल (*Shorea robusta*), चिलाउने(*Schima wallichhi*),खिर्रा (*Falconeriainsignis*),सिमल (*Bombar criba*), (खयर (*Sanigalia catechu*),केरा (*Musa*), बाँस (*Dendrocalamus spp.*),पिपल (*Ficus religiosa*), ऑप(*Magnifera indica*) |
| क्षेत्र २ | कावा खोला | साल (Shorea robusta), चिलाउने (Schima wallichhi),सिमल (Bombar criba), जामुन (Syzygium Cumini), खयर (Sanigalia catechu),बाँस (Dendrocalamus spp.),पिपल (Ficus religiosa), ऑप(Magnifera indica) |
| क्षेत्र ३ | सिक्तेल खोला | साल (Shorea robusta), चिलाउने (Schima wallichhi), सिमल (Bombar criba), जामुन (Syzygium Cumini), खयर (Sanigalia catechu),केरा (Musa), पिपल (Ficus religiosa), ऑप(Magnifera indica) |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

**(ख) वन्यजन्तु**

प्रस्ताव प्रभावित क्षेत्रमा पाइने वन्यजन्तुहरूमा फ्याउरो (*Golden Jackel, Canis aureus*), बाँदर (*Monkey. Macaca Mulata*), खरायो (*Indian hare, Lipus migricllis*), लोखर्के (*Squirrel, Funambulas spp*), रतुवा मृग (*Barking deer. Muntiacus muntjak*), दुम्सी (*Porcupine, Erethizon dorsatum*), चितुवा (*Leopard, Panthera Pardus*), वन बिरालो (*Wild Cat, Felis silvestris*) मृग (*Deer, Cervidae*), घोरल (*Goral, Naemorhedus*),लङ्गुर (*Leaf Eating Monkeys, Colobinae*) जस्ता जनावरहरू रहेको जानकारी छ।

**ग) चराहरू**

प्रस्ताव प्रभावित क्षेत्रमा पाइने चराहरूमा लाहाँचे (*Lache, Stenocercus lache*), गिद्ध (*Haliaeetus albicilla*), काग (*Rock Pigeon, Columbidae*), कालिज (*Kalij, Lophura*

*leucomelanos*) सुगा (*Parrot, Psittaciformes*), ढुकुर (*Dove, Streptopelia orientalis*), मयुर (*Peacock, Pavo Cristatus*), जुरेली (*Himalayan Bulbul, Pycnonotus, leucogenys*) आदि जस्ता चराहरू रहेको जानकारी छ।

**घ) माछाहरू**

प्रस्ताव क्षेत्रका खोलानाला तथा जलाशयहरूमा पाइने माछाहरूमा बुदुना (*Garra annedalie*), बुचे असला (*Schizothorax richardsoni*), कत्ले (*Neolissocheilus hexagonolepis*) काभ्रे(*Pseudecheneis sulcatus*), गर्दि (*Labeo dero*) आदि रहेका छन्।

## ५.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण (Socio-Economic and Cultural Environment)

**चित्र नं. ६. रामप्रसादराई गाउँपालिकाको राजनैतिक नक्शा**




### क) प्रस्ताव क्षेत्रको/प्रभावित गाउँपालिकाको जनसङ्ख्या (Population):

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार रामप्रसादराई गाउँपालिकाको जनसङ्ख्या १५,६७३ जना रहेको छ जसमा पुरुष ७,७३४, महिला ७,९३९ जना रहेका छन् । कुल ३,७०९ घरधुरी रहेकोमा, घरधुरीको औषत जनसङ्ख्या ४.२३ रहेको तथ्याङ्क छ । निम्न तालिकामा प्रभावित रामप्रसादराई गाउँपालिकाको राष्ट्रिय जनगणना २०७८ अनुसारको जनसङ्ख्या विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं. १०.प्रस्तावित रामप्रसादराई गाउँपालिकाको राष्ट्रिय जनगणना २०७८, अनुसारको जनसाङ्ख्यिक विवरण**

| वडा | घरधुरी | जनसङ्ख्या | पुरुष | महिला | औषत घरधुरी |
|---|---|---|---|---|---|
| वडा १ | ५६५ | २४६० | ११७५ | १२८५ | ४.३५ |
| वडा २ | ३६५ | १५०८ | ७३४ | ७७४ | ४.१३ |

| | | | | | |
|---|---|---|---|---|---|
| वडा ३ | ४५८ | १९६६ | ९५५ | १०११ | ४.२९ |
| वडा ४ | ५१९ | २१७२ | १०६५ | ११०७ | ४.१८ |
| वडा ५ | ४५६ | १९५२ | ९८८ | ९६४ | ४.२८ |
| वडा ६ | ५५० | २१३६ | १०५६ | १०८० | ३.८८ |
| वडा ७ | ४५९ | १९६८ | १००२ | ९६६ | ४.२९ |
| वडा ८ | ३३७ | १५११ | ७५९ | ७५२ | ४.४८ |

(स्रोतःNPHC, 2021)

**ख) शिक्षा एवम् साक्षरता (Education and Literacy):**

रामप्रसादराई गाउँपालिकाको कुल जनसङ्ख्यामा ७८.३८ प्रतिशत जनसङ्ख्या साक्षर भने पुरुष ८५.४ प्रतिशत र महिला ७१.५ प्रतिशत रहेका छन् । ५ वर्ष माथिका उमेर समूहको जनसङ्ख्या कुल १४,४३९ जना रहेको छ भने जसमा पुरुष ७,१०० जना र महिला ७,३३९ गणना विवरण रहेको छ । साक्षरताको आधारमा प्रस्तावित उत्खनन क्षेत्र अवस्थित विवरण यसप्रकार रहेको छ ।

**तालिका नं. ११. शिक्षा एवम् साक्षरता**

| वडा | लिंग | ५ वर्ष माथिको जनसङ्ख्या | जनसङ्ख्या जो | | | साक्षरता दर |
|---|---|---|---|---|---|---|
| | | | लेख्न र पढ्न सक्ने | पढ्न मात्र सक्ने | लेख्न र पढ्न दुवै नसक्ने | |
| सबै वडा | कुल | १४४३९ | ११३१८ | ५० | ३०७१ | ७८.३८ |
| | पुरुष | ७१०० | ६०६९ | २० | १०११ | ८५.४८ |
| | महिला | ७३३९ | ५२४९ | ३० | २०६० | ७१.५२ |
| वडा १ | कुल | २२७३ | १७३० | ३ | ५४० | ७६.११ |
| | पुरुष | १०९३ | ८९८ | १ | १९४ | ८२.१६ |
| | महिला | ११८० | ८३२ | २ | ३४६ | ७०.५१ |
| वडा २ | कुल | १३७३ | १०१० | ३ | ३६० | ७३.५६ |
| | पुरुष | ६६२ | ५३२ | १ | १२९ | ८०.३६ |
| | महिला | ७११ | ४७८ | २ | २३१ | ६७.२३ |
| वडा ३ | कुल | १७८९ | १४११ | १८ | ३६० | ७८.८७ |
| | पुरुष | ८६७ | ७३६ | ३ | १२८ | ८४.८९ |
| | महिला | ९२२ | ६७५ | १५ | २३२ | ७३.२१ |
| वडा ४ | कुल | १९८७ | १६२७ | ८ | ३५२ | ८१.८८ |
| | पुरुष | ९७३ | ८७७ | ३ | ९३ | ९०.१३ |
| | महिला | १०१४ | ७५० | ५ | २५९ | ७३.९६ |
| वडा ५ | कुल | १८०० | १३७९ | ० | ४२१ | ७६.६१ |
| | पुरुष | ९०६ | ७७२ | ० | १३४ | ८५.२१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | महिला | ८९४ | ६०७ | ० | २८७ | ६७.९० |
| वडा ६ | कुल | १९८३ | १५३० | ११ | ४४२ | ७७.१६ |
| | पुरुष | ९७० | ८१३ | ६ | १५१ | ८३.८१ |
| | महिला | १०१३ | ७१७ | ५ | २९१ | ७०.७८ |
| वडा ७ | कुल | १८३५ | १४३५ | ७ | ३९३ | ७८.२० |
| | पुरुष | ९२८ | ८०३ | ६ | ११९ | ८६.५३ |
| | महिला | ९०७ | ६३२ | १ | २७४ | ६९.६८ |
| वडा ८ | कुल | १३९९ | ११९६ | ० | २०३ | ८५.४९ |
| | पुरुष | ७०१ | ६३८ | ० | ६३ | ९१.०१ |
| | महिला | ६९८ | ५५८ | ० | १४० | ७९.९४ |

(स्रोतः NPHC, 2021)

**ग) पेशा र आर्थिक अवस्थिति (Occupation and Economic Activity)**

रामप्रसादराई गाउँपालिका आर्थिक हिसाबले १० वर्षभन्दा माथिका जनसङ्ख्या मध्ये पुरुष जनसङ्ख्या बढी सक्रिय रहेको पाइएको छ । आर्थिक हिसाबमा सकृय जनसङ्ख्या मध्ये बढी प्रतिशत कृषिमा निर्भर रहेको पाइएको छ भने तलब तथा आफ्नै व्यापार व्यवसायमा पनि उल्लेख्य रूपमा आश्रित रहेको पाइयो । यस प्रकारका व्यापार व्यवसाय गरेका जनसङ्ख्या शहरी तथा बजार केन्द्रहरूमा बढी पाइएको छ । निम्न तालिकामा प्रभावित रामप्रसादराई गाउँपालिका आर्थिक रूपले सकृय जनसङ्ख्या तथा तीनिहरूले अंगालेका पेशाको विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२. पेशा र आर्थिक अवस्थिति**

| वडा | लिंग | १० वर्ष माथिका कुल जनसङ्ख्या | आर्थिक गतिविधि | | | |
|---|---|---|---|---|---|---|
| | | | आर्थिक रूपमा सकृय | | | आर्थिक रूपमा निस्कृय |
| | | | प्राय सकृय | | खासै सकृय नभएका | |
| | | | रोजगार | बेरोजगार | | |
| सबै वडा | कुल | १२९७३ | ७०२० | २३७ | ३७८९ | १९२७ |
| | पुरुष | ६३५७ | ३६५८ | १४० | १६६५ | ८९४ |
| | महिला | ६६१६ | ३३६२ | ९७ | २१२४ | १०३३ |
| वडा १ | कुल | २०२० | ११९९ | १० | ६२४ | १८७ |
| | पुरुष | ९७६ | ६०१ | ६ | २८१ | ८८ |
| | महिला | १०४४ | ५९८ | ४ | ३४३ | ९९ |
| वडा २ | कुल | १२२२ | ८१० | ३ | २४१ | १६८ |
| | पुरुष | ५९६ | ४१८ | ० | १०९ | ६९ |
| | महिला | ६२६ | ३९२ | ३ | १३२ | ९९ |
| वडा ३ | कुल | १६२० | ८८३ | ९ | ३५० | ३७८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | ७८० | ४७६ | ६ | १२२ | १७६ |
| | महिला | ८४० | ४०७ | ३ | २२८ | २०२ |
| वडा ४ | कुल | १८०९ | १२३४ | ५५ | २५१ | २६९ |
| | पुरुष | ८८७ | ६३६ | ३० | ९७ | १२४ |
| | महिला | ९२२ | ५९८ | २५ | १५४ | १४५ |
| वडा ५ | कुल | १५८६ | ९७२ | ८ | ४४९ | १५७ |
| | पुरुष | ७९० | ४८७ | ३ | २२२ | ७८ |
| | महिला | ७९६ | ४८५ | ५ | २२७ | ७९ |
| वडा ६ | कुल | १७९९ | ७२९ | १०७ | ६३६ | ३२७ |
| | पुरुष | ८७७ | ३८९ | ७४ | २७२ | १४२ |
| | महिला | ९५५ | ३४० | ३३ | ३६४ | १८५ |
| वडा ७ | कुल | १६६९ | ४२१ | ३२ | ९१९ | २९७ |
| | पुरुष | ८३९ | २४४ | १४ | ४२७ | १५४ |
| | महिला | ८३० | १७७ | १८ | ४९२ | १४३ |
| वडा ८ | कुल | १२४८ | ७७२ | १३ | ३१९ | १४४ |
| | पुरुष | ६१२ | ४०७ | ७ | १३५ | ६३ |
| | महिला | ६३६ | ३६५ | ६ | १८४ | ८१ |

(स्रोतःNPHC, 2021)

### घ) खानेपानी, स्वास्थ्य तथा सरसफाइ (Health, Sanitation and Drinking Water)

रामप्रसादराई गाउँपालिकामा ५० प्रतिशतभन्दा बढी घरधुरीहरूमा पाइप प्रणालीबाट खानेपानी उपभोग गर्दछन् । साथै गाउँपालिका भित्र खोला, कुलो, कुवा र इनारबाट पानीको माग पूरा गर्दछन् । निम्न तालिकामा प्रभावित रामप्रसादराई गाउँपालिकामा प्रयोग गरिने पानीको स्रोतको तथ्याङ्क प्रस्तुत गरिएको छ ।

**तालिका नं. १३.खानेपानी, स्वास्थ्य तथा सरसफाइ**

| वडा | कुल घरधुरी | खानेपानीको मुख्य स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पाइप धारा घर पहुँचमा प्रयोग गर्ने घरधुरी | पाइप धारा घर पहुँच भन्दा बाहिर प्रयोग गर्ने घरधुरी | सुरक्षित कुवा र इनार प्रयोग गर्ने घरधुरी | असुरक्षित कुवा र इनार प्रयोग गर्ने घरधुरी | थोपा पानी प्रयोग गर्ने घरधुरी | खोला, कुला प्रयोग गर्ने घरधुरी | अन्य प्रयोग गर्ने घरधुरी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सबै वडा | ३७०९ | १७५९ | १४९५ | २३ | ६१ | ३५७ | १३ | १ |
| वडा १ | ५६५ | ३८५ | १६० | ० | १ | १६ | ३ | ० |
| वडा २ | ३६५ | ११ | ३१९ | ६ | ० | २९ | ० | ० |
| वडा ३ | ४५८ | २६६ | १५६ | १ | ५ | २८ | २ | ० |
| वडा ४ | ५१९ | ४७२ | २४ | ० | ८ | १५ | ० | ० |
| वडा ५ | ४५६ | ९६ | १४० | ५ | १२ | २०२ | ० | १ |
| वडा ६ | ५५० | २११ | २६२ | ० | ८ | ६७ | २ | ० |
| वडा ७ | ४५९ | २९ | ३९७ | १० | १७ | ० | ६ | ० |
| वडा ८ | ३३७ | २८९ | ३७ | १ | १० | ० | ० | ० |

(स्रोतः NPHC, 2021)

स्वास्थ्यको हकमा रामप्रसादराई गाउँपालिका भित्र एउटा आधारभूत स्वास्थ्य केन्द्र र ७ वटा स्वास्थ्य चौकी रहेका छन् भने एउटा आयुर्वेदिक औषधालय, ओख्रेमा रहेको छ । स्वास्थ्य केन्द्रहरूको विवरण यसप्रकार रहेको छ ।

**तालिका नं. १४.प्रभावित गाउँपालिकाका स्वास्थ्य केन्द्रहरू**

| वडा | स्वास्थ्यको संस्थाको नाम | सङ्ख्या |
|---|---|---|
| वडा १ | ओख्रे स्वास्थ्य चौकी | १ |
| वडा १ | ओख्रे आयुर्वेदिक औषधालय | १ |
| वडा २ | धोदलेखानी स्वास्थ्य चौकी | १ |
| वडा ३ | भुल्के स्वास्थ्य चौकी | १ |
| वडा ४ | दलगाउँ स्वास्थ्य चौकी | १ |
| वडा ५ | मानेभन्ज्याङ स्वास्थ्य चौकी | १ |
| वडा ६ | बैकुण्ठे स्वास्थ्य चौकी | १ |
| वडा ७ | बासिखोरा स्वास्थ्य चौकी | १ |
| वडा ८ | आधारभूत स्वास्थ्य केन्द्र स्वास्थ्य चौकी, खोक्सिक | १ |

स्वास्थ्य चौकी बैकुण्ठेका अनुसार प्रभावित क्षेत्रमा प्रमुख रोगका समस्या देखिएका मध्ये ग्यास्ट्रिक, घाँटि खसखस, उच्च रक्तचाप, ज्वरो, झाडापखाला आदि रहेका छन् ।

रामप्रसादराई गाउँपालिकाको शौचालय प्रयोग गर्ने घरधुरीको कुल ३७०९ मा, सार्वजनिक ढल र फ्लस सहितको शौचालय १३८, सेफ्टी टेङ्की र फ्लस सहितको शौचालय २२५४, खाडल शौचालय १,२२२ र शौचालय सुविधा नभएका ७५ वटा रहेका छन् (NPHC, 2021)।

**ङ) उर्जा, बिजुली एवं सञ्चार (Electricity, Energy and Communication)**

खाना पकाउनका लागि मुख्यतया प्रभावित क्षेत्रमा दाउराको अत्यधिक प्रयोग भएको पाइन्छ । एलपिजि ग्याँसको समेत प्रयोग उच्च रहेको छ । अन्य उर्जामा विभिन्न वडाहरूमा वैकल्पिक उर्जाको हकमा सोलार, गोबर ग्याँस, मट्टीतेल र लघुजलबिध्युत आयोजना आदिको प्रयोग तथा निर्माण भइरहेको पाइएको छ ।

बिजुलीको हकमा केन्द्रीय प्रसारण लाइन रामप्रसादराई गाउँपालिकामा पुगेको छ । सञ्चारको हकमा मोबाइल फोन, इन्टरनेट, तार रहित फोन (CDMA) को सुविधा पुगेको छ । अतिरिक्त हुलाकको पनि सुविधा छ ।

**च) जाति, भाषा, धर्म र चाडपर्व (Caste/Ethnicity, Language, Religion and Festivals)**

प्रभावित क्षेत्रका मानिसहरूको बसोबास मुख्यरूपमा राई किराती, मगर, तामाङ, बाहुन, क्षेत्री, नेवार, गुरुङ, शेर्पा, दलित, खवास आदि जाति रहेका छन् । उनीहरू नेपाली खस भाषा प्रमुख रूपमा बोलीचाली गर्ने र सामाजिक माध्यम भाषाका रूपमा प्रयोग गरेको पाइन्छ । मातृभाषाका भाषा किराती राई भाषा पनि बहुल्य रूपमा बोलीचाली र प्रयोग रहेको छ । त्यसैगरी मगर, तामाङ र अन्य समुदायले समेत मातृभाषा प्रयोग गर्दछन् ।

रामप्रसादराई गाउँपालिकामा हिन्दू धर्म र किरात धर्म मान्नेहरूको बहुल्यता रहेको छ (स्रोतः स्थलगत सर्वेक्षण, २०८०) । त्यसैगरी बौध्द र इसाई धर्मावलम्बीहरूको पनि बसोबास रहेको छ । केन्द्रीयतथ्याङ्क विभाग २०७८ अनुसार किरात धर्म मान्नेहरू ६,५४७, हिन्दू ६,११९, बौध्द २,८९१ र इसाई ११६ जना रहेका छन् (NPHC, 2021)। चाडपर्वमा दसैँ, तिहार, माघे सक्रान्ति, वैशाखे पूर्णिमा साकेला उभौली, मङ्सिरे पूर्णिमा उधौली, ल्होसार, क्रिसमस आदि प्रभावित क्षेत्रका मानिसहरू मनाउने गर्दछन् ।

**छ) यातायात र पहुँच मार्ग (Transportation and Road Access):**

प्रभावित क्षेत्रमा पुग्नका लागि धरान धनकुटा सडक वा मध्य पहाडी लोक मार्ग हिले लेगुवा भोजपुर पक्कि सडक उपलब्ध छ । अझ भोजपुर नगरपालिका देखि बेहेरे पिखुवा दोभान हुँदै डडुवा, कावा खोला, घोरेटार, चतरा, धरानको ग्रामीण सडक समेत पहुँच मार्गको रूपमा उपलब्ध छ । प्रस्तावित विभिन्न उत्खनन क्षेत्रका पहुँच मार्ग निम्नानुसार रहेको छ ।

**तालिका नं. १५. उत्खनन क्षेत्रको पहुँच मार्ग**

| क्षेत्र | उत्खनन क्षेत्र | खोला | पहुँच मार्ग |
|---|---|---|---|
| क्षेत्र १ | पिखुवा खोला र | पिखुवा खोला र | भोजपुरबाट पिखुवा बेहेरे दोभान हुँदै मानेभन्ज्याङ |

| | | | |
|---|---|---|---|
| | बेहेरे खोला दोभान | बेहेरे खोला | बैकुण्ठे जाने ग्रामीण सडक |
| क्षेत्र २ | कावा खोला किनारा आसपास | कावा खोला | भोजपुर देखी पिखुवा बेहेरे दोभान, डडुवा, कावा खोला र कावा खोला घोरटार कावाखोला ग्रामीण सडक |

**ज) धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक स्थलहरू (Religious, Cultural and Historical Sites)**

रामप्रसादराई गाउँपालिकाभित्र प्रमुख धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक स्थलहरू मध्ये बेहेरेश्वर धाम, हिमाङदेवी थान, साकेला थान, नागछाँगा झरना, दक्षिणकाली मन्दिर आदि प्रमुख छन् ।

# अध्याय छ
# (CHAPTER-6)

## ६. प्रस्ताव कार्यान्वयनका विकल्पहरू (Alternatives for the Implementation of the Proposal)

ढुङ्गा, गिट्टी, बालुवा र रोडा आदि सङ्कलन कार्यको प्राविधिक/आर्थिक सम्भाव्यता एवम् वातावरणीय स्वीकार्यताको आधारमा विकल्प विश्लेषण गर्दा निम्न बुँदाहरूको समीक्षा महत्वपूर्ण अङ्गको रूपमा लिइएको छ ।

### ६.१ प्रस्ताव कार्यान्वयन नगर्ने (No Proposal Option)

प्रस्ताव कार्यान्वयन नगर्ने विकल्प भन्नाले प्रस्तावित क्षेत्रमा भएका ढुङ्गा, गिट्टी, बालुवा र रोडासङ्कलन तथा उत्खनन नै नगर्ने र सो क्षेत्रलाई पूर्णरूपमा निषेधित क्षेत्रको रूपमा कायम राख्ने भन्ने बुझिन्छ । यस प्रकारको विकल्पले गैर कानुनी रूपमा सङ्कलन गरेमा प्रचलित ऐन कानून बमोजिम दण्ड सजाय गर्नुपर्ने र क्षेत्रको पूर्ण रेखदेख गाउँपालिकाबाट गर्नुपर्ने हुन्छ, जसको कारण राजस्व स्रोत घटनुका साथै स्रोतसङ्कलन नहुँदा स्रोतको सदुपयोग नभई खेर जाने डर हुन्छ । ढुङ्गा, गिट्टी, बालुवा आदि सङ्कलन नगर्दा नदीको सतह बढन गई बाढीको पानीबस्ती र खेतमा पसी धनजनको नोक्सानी हुने, नदीको सतह बढी बाँध र पुलहरूलाई वर्षातको समयमा क्षति पुग्ने, कच्चा पदार्थको आपूर्ति नहुँदा उद्योग व्यवसाय बन्द हुने वा अर्को देशको भर पर्नु पर्ने तथा स्थानीय विकास निर्माण कार्यमा प्रतिकूल असर पर्ने देखिन्छ ।

### ६.२ प्रस्तावका विकल्पहरू (Alternative Site)

#### ६.२.१ वैकल्पिक क्षेत्र (Proposal Alternatives)

विकास निर्माणका कार्यहरूमा आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवा, रोडा आदि जस्ता निर्माणमा प्रयोग हुने स्रोतहरू खोलानाला वा खनिजबाट मात्र प्राप्त हुने गर्दछ । तसर्थ, विकास निर्माणको अत्यधिक चाप खेपिरहेको भोजपुर जिल्ला र रामप्रसादराई गाउँपालिकामा ढुङ्गा, गिट्टी, बालुवा, रोडा आदि सङ्कलन तथा उत्खनन गर्नु बाहेक अरु कुनै विकल्प छैन । यद्यपि यस कार्य गर्दै गर्दा अवैज्ञानिक र अनियन्त्रित रूपबाट सङ्कलन तथा बिक्री वितरण कार्यको निगरानी गर्ने, दक्ष मानिसहरूबाट सङ्कलन गर्ने र व्यवसायिक रूपमा काम गर्ने व्यक्तिहरूलाई मात्र बिक्री गर्नु पर्ने हुन्छ। स्रोत सङ्कलन गर्ने मानिसहरूलाई सोको महत्व, मूल्य, सङ्कलन विधि लगायतका कुराको पनि जानकारी दिने र जैविक विविधता र पारिस्थितिकीय प्रणालीको संरक्षणको महत्व बुझाउनु पर्छ । यसर्थ, वातावरणीय तथा सामाजिक आर्थिक दृष्टिकोणबाट पायक पर्ने स्थानलाई महत्वका साथ छनौट गरिएको छ ।

### ६.२.२ वैकल्पिक समय तालिका एवम् विधि (Alternative Schedule and Process)

ढुङ्गा, गिट्टी, बालुवा, रोडासङ्कलन तथा उत्खनन गर्न बिहान सूर्योदयबाट बेलुका सूर्यास्त सम्मका समयसीमा राखि उत्खनन गर्ने गराउने र थिग्रिएका वस्तु निकासको लागि असोज र जेष्ठ महिनामा ननिकाल्ने, वर्षा याम असारदेखि भाद्र महिना अवधि उत्खनन नगर्ने भनि, २७० दिन उपयुक्त रहने सुझाव दिइएको छ । विगतमा भएको सङ्कलन विधिमा छलफल गर्दा अव्यवस्थित किसिमबाट सङ्कलन तथा उत्खनन गरिएको जानकारी आएकोले आगामी दिनहरूमा सङ्कलन गर्दा जहाँ पायो त्यही सङ्कलन नगरी तोकिएको क्षेत्रबाट मात्र सङ्कलन कार्य गर्ने/गराइनु पर्छ ।

### ६.२.३ वैकल्पिक सम्पदा (Alternative Resources)

ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन तथा उत्खनन, निकासको लागि अरु विकल्प छैन, तर पनि गिट्टी र ढुङ्गाको ठाउँमा इँटाको प्रयोग र खानीबाट ढुङ्गा झिक्न सकिन्छ । स्थानीय निकायमा नै सीमित स्रोत साधनबाट प्राप्त हुने हुँदा यस्ता स्रोत साधन उपयोगी हुने र साथै नदीजन्य प्रकोप पनि न्यून हुने देखिन्छ ।

# अध्याय सात
# (CHAPTER-7)

## ७. प्रभाव पहिचान, अनुमान एवं मुल्याङ्कन (Impact Identification, Prediction and Evaluation)

**तालिका नं. १६. प्रभाव पहिचान, अनुमान एवम्मूल्याङ्कन**

| क्र. स. | विषयवस्तु | प्रभाव | तरिका बिधि | प्रभावको प्रकार (Type of Impact(*) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रकृति | आकार | विस्तार | अवधि | कुल योगफल |
| क) भौतिक वातावरण | | | | | | | | |
| १) | जलउत्पन्न प्रकोप | घट्छ (सकरात्मक) | वैज्ञानिक र व्यवस्थित विधिद्वारा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन गर्दा त्यस्ता नदीको बेड लेभल नबढ्ने हुनाले नदीबाट पानि बाहिरी बस्ती तथा खेती गरिएको वरपरको क्षेत्रमा जान नसक्ने र थेग्रिएर बसेको स्थानबाट मात्र उत्खनन कार्य गरिने हुँदा त्यसबाट नदी किनार सुरक्षित भई सो क्षेत्रको वर्तमान अवस्थामा समेत सुधार हुने | प्रत्यक्ष | मध्यम (२०) | स्थानीय (२०) | दीर्घकालीन (२०) | ६० |
| २) | भिरालोप नाको अस्थिरता | अस्थिरता (नकरात्मक) | ढुङ्गा, गिट्टी, बालुवा र रोडाको जथाभावी सङ्कलन तथा उत्खनन गर्नाले नदीले आफ्नो प्राकृतिक धार | प्रत्यक्ष | मध्यम (२०) | स्थान विषेश (१०) | मध्यम समाय (१०) | ४० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिवर्तन गरी किनार कटान गरि वरपरको भिरालो जमिनमा भू-क्षय तथा पहिरो जान सक्ने सम्भावना हुन्छ । | | | | | |
| ३) | भौतिक संरचनामा हुने असर | नकरात्मक | खोला किनाराका भौतिक संरचनाहरू जस्तै बाटो, नहर, कुलो, मन्दिर, घाट जस्ता संरचना भत्कन तथा धनजनको क्षति हुन सक्ने | प्रत्यक्ष (२०) | मध्यम (१०) | स्थान विषेश (२०) | दीर्घकालीन (२०) | ५० |
| ४) | पानी तथा सरसफाइ | प्रदुषण बढ्छ (नकरात्मक) | पानी धमिलो हुने, खोलाको पानीमा आश्रित जनसमुदायलाई सरसफाइमा असर पर्ने | प्रत्यक्ष | कम (१०) | स्थान विषेश (१०) | अल्पकालीन (५) | २५ |
| ५) | धुलोपन एवं ध्वनि | प्रदुषण बढ्छ (नकरात्मक) | ढुवानी गर्दा प्रयोग गर्ने कच्चि बाटोको सङ्कलन कार्य गर्ने स्थानमा सवारी साधनको वृध्दिले धुलोपन एवं ध्वनि बढ्छ । | प्रत्यक्ष | मध्यम (२०) | स्थान विषेश (१०) | अल्पकालीन (५) | ३५ |
| ६) | सङ्कलन/ उत्खनन सामग्रीको भन्डारण को प्रभाव | नकरात्मक | खोलाजन्य पदार्थहरूलाई निश्चित ठाउँमा निकास गर्नु अघि थुप्रो लगाउनु जरुरि हुन्छ । यसरी ढुङ्गा, गिट्टी, बालुवा तथा रोडा धेरै समय थुप्रिँदा वातावरणमा नकरात्मक असर | प्रत्यक्ष | मध्यम (२०) | स्थान विषेश (१०) | मध्यम समय (१०) | ४० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पर्दछ । | | | | | |
| ७) | फोहोरमैला एवम् खेर जाने सामग्री | प्रदुषण बढ्छ (नकरात्मक) | ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन तथा सङ्कलनको समयमा खोला किनारमा कामदारको वृध्दिले फोहिरमैला एवम् खेरजाने सामग्रीले प्रदुषण बढ्छ । | प्रत्यक्ष | कम (१०) | स्थान विषेश (१०) | अल्पकालीन (५) | २५ |
| ८) | जग्गा उपयोगमा फरक | नकारात्मक | उचित मापदण्ड नअपनाई उत्खनन कार्य गर्नाले खोलाको सतह बढ्न गई खेती योग्य जग्गामा पर्याप्त मात्रामा सिंचाई नहुने अवस्था हुन्छ तथा व्यक्तिगत जग्गामा खोला जान सक्छ । | प्रत्यक्ष | मध्यम (२०) | स्थानीय (२०) | अल्पकालीन (५) | ४५ |
| **ख) सामाजिक, आर्थिक एवम् सांस्कृतिक वातावरण (Socio-Economic and Cultural Environment):** | | | | | | | | |
| १) | आयस्रोतएवम् रोजगारीको अवसर | बढ्छ (सकरात्मक) | खोलाजन्य वस्तुहरूको उत्खनन तथा सङ्कलन कार्यले सो क्षेत्रमा रहेका स्थानीय जनसमुदायलाई रोजगारीको अवसर प्रदान गर्नेछ । | प्रत्यक्ष | उच्च (६०) | स्थानीय (२०) | मध्यम समय (१०) | ९० |
| २) | बटो, सडक सञ्जाल | बढ्छ (सकरात्मक) | प्रस्ताव कार्यान्वयन हुने स्थानसम्म ढुवानीको लागि ट्रयाक्टर, टिपर आवतजावत गर्नका लागि नयाँ ट्रयाक खोल्ने स्तरोन्नति | अप्रत्यक्ष | उच्च (६०) | स्थानीय (२०) | दीर्घकालीन (२०) | १०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | गर्नुपर्ने हुन्छ । यसले बाटो, सडक सञ्जाल बढ्छ । | | | | | |
| ३) | गाउँपालिकाको आयस्रोत | बढ्छ (सकरात्मक) | गाउँपालिकाले ढुङ्गा, गिट्टी, बालुवाको सङ्कलन तथा उत्खनन को ठेक्का बाट स्रोत सृजना गर्न सक्ने । | प्रत्यक्ष | उच्च (६०) | स्थानीय (२०) | दीर्घकालीन (२०) | १०० |
| ४) | विकास निर्माण सामग्रीको उपलब्धता | औध्योगिक विकासमा टेवा पुग्ने (सकरात्मक) | ढुङ्गा, गिट्टी, बालुवाको सङ्कलन तथा उत्खननले स्थानीय उध्योगलाई नियमीतरूपमा कच्चा पदार्थ प्राप्त हुने । | प्रत्यक्ष | उच्च (६०) | स्थानीय (२०) | मध्यम समय (१०) | ९० |
| ५) | पेशागत स्वास्थ्य एवम् सुरक्षा | सुधारिन्छ (सकरात्मक) | आवश्यकता अनुसार तालिमको व्यवस्था गर्नाले पेशागत स्वास्थ्य एवम् सुरक्षा हुने । | अप्रत्यक्ष | मध्यम (२०) | स्थानीय (२०) | मध्यम समय (१०) | ५० |
| ६) | जनसङ्ख्या विस्थापन | हुँदैन (सकरात्मक) | स्थानीय रूपमा पिछडीएका जनसमुदायहरूलाई कामदारका रूपमा काम लगाउने व्यवस्था गर्नाले जनसङ्ख्या विस्थापन हुँदैन । | अप्रत्यक्ष | मध्यम (२०) | स्थान विशेष (१०) | दीर्घकालीन (२०) | ५० |
| ७) | खेतीयोग्य जमिन कृषिजन्य सामग्री | कमी हुने (नकरात्मक) | खेतीजन्य जग्गा सङ्कलित सामग्रीको भण्डारमा प्रयोजनमा आउन सक्ने । | | कम (१०) | स्थान विशेष (१० | अल्पकालीन (५) | २५ |
| ८) | कामदार बिच झै-झगडा | हुन्छ (नकरात्मक) | स्थानीय र बाह्य कामदारका लागि समान व्यवहार नहुँदा । | | कम (१०) | स्थान विशेष (१० | अल्पकालीन (५) | २५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९) | खोला वरपर वस्ती विस्तार एवम् खोला अतिक्रमण | हुन्छ (नकरात्मक) | बाह्य कामदारले बसोबासको लागि शिविर स्थल निर्माण तथा सरसामग्री स्थापना गर्दा/ राख्दा । | | कम (१०) | स्थान विशेष (१० | अल्पकालीन (५) | २५ |
| ग) जैविक वातावरण | | | | | | | | |
| १) | माछा एवम् अन्य जलचरमा पर्ने प्रभाव | नकरात्मक | ध्वनि, धुलो र पानी प्रदुषणका कारण माछा एवम् अन्य जलचर वासस्थान परिवर्तन हुन सक्ने । | प्रत्यक्ष | मध्यम (२०) | स्थानीय (२०) | दीर्घकालीन (२०) | ६० |
| २) | वन्यजन्तुको आवतजावत | नकरात्मक | सङ्कलन क्षेत्र वरिपरि जङ्गल छेन, तथापि सवारीसाधन आवतजावत गर्ने बाटोमा वन्यजन्तुलाई नकरात्मक असर पर्न सक्छ | प्रत्यक्ष | कम (१०) | स्थान विशेष (१०) | अल्पकालीन (५) | २५ |
| ३) | गैरकानुनी शिकार | सम्भावना छ (नकरात्मक) | सङ्कलन कार्यक्षेत्र वरिपरि जङ्गल छैन तथापि कार्यरत टोलि जङ्गलमा शिकार खेल्न पस्न सक्दछन् । | अप्रत्यक्ष | मध्यम (२०) | स्थान विशेष (१०) | मध्यम समय (१०) | ४० |
| ४) | वन्यजन्तु एवम् वनपैदवारको गैरकानुनी व्यापार | सम्भावना छ (नकरात्मक) | सवारी साधन आवतजावतमा वृध्दि हुनाले । | अप्रत्यक्ष | मध्यम (२०) | स्थान विशेष (१०) | मध्यम समय (१०) | ४० |
| घ) रसायनिक वातावरण | | | | | | | | |
| १) | इन्धन, लुब्रिकेन्ट्स | हुन सक्छ (नकरात्मक | सवारी साधन आवतजावतमा वृध्दि | अप्रत्य | कम | स्थान | अल्पकाली | २५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | , अम्ल तथा अन्य रसायनहरू को चुहावट | ) | हुनाले | क्ष | (१०) | विशेष (१०) | न (५) | |
| २) | धुलो एवम् उत्सर्जन | हुन सक्छ (नकरात्मक ) | सवारी साधन आवतजावतमा वृध्दि हुनाले | प्रत्यक्ष | कम (१०) | स्थान विशेष (१०) | अल्पकालीन (५) | २५ |

(*कम महत्वपूर्ण, निकै महत्वपूर्ण र उच्च महत्वपूर्ण प्रभाव भनि योगफल विश्लेषण गरिने)

# अध्याय ८
# (CHAPTER-8)

## ८. वातावरणीय व्यवस्थापन योजना (Environmental Management Plan)

कुनै पनि योजना/प्रस्ताव निर्माण वा सञ्चालन गर्दा यसका गतिविधिहरूबाट वातावरणमा पर्ने सक्ने असर र त्यसलाई न्यूनिकरण गर्न गरिने प्रस्तावित एकीकृत प्रयासहरूको योजना वातावरणीय व्यवस्थापन योजना हो । यस प्रस्ताव सञ्चालन पूर्व र सञ्चालन चरणमा पर्न सक्ने विभिन्न वातावरणीय असरहरू तथा ध्यान पुयाउनुपर्ने वातावरणीय सवाल, आयोजनाका लाभ वृध्दिका उपायहरू, नकरात्मक प्रभाव न्यूनिकरणका उपायहरू, त्यसका कार्यान्वयन तथा वातावरणीय अनुगमनका लागि संस्थागत जिम्मेवारी, वातावरणीय सम्बर्धन तथा नकरात्मक प्रभाव न्यूनिकरण लागत समेत समावेश हुने गरि वातावरणीय व्यवस्थापन योजना तयार पारिएको छ ।

### ८.१. वातावरणीय व्यवस्थापनका लागि जिम्मेवार निकायहरुः

वातावरण संरक्षणका लागि प्रस्ताव गरिएका कुराहरूको कार्यान्वयन तथा पालना भए नभएका सम्बन्धमा र प्रभाव न्यूनिकरणका उपायहरू अवलम्बन गरिएको नगरिएको सम्बन्धमा अनुगमन गर्ने उद्देश्यले राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० र वातावरण संरक्षण नियमावली, २०७७ ले पनि वातावरणीय अनुगमनलाई अनिवार्य गरेको छ। सो कार्यका लागि प्रस्तावक नै जिम्मेवार रहने छ। वातावरणीय व्यवस्थापनका लागि जिम्मेवार निकायहरू उल्लेख गरिए बमोजिम निम्न हुनेछन्।

#### ८.१.१ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

जिल्ला समन्वय समिति, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत पर्ने हुँदा केन्द्रीयस्तरको आधिकारिक संस्था सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय हो । नेपाल सरकारका नीति नियमहरूको कार्यान्वयनका बारेमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जिल्ला समन्वय समितिलाई निर्देशन दिन्छ र त्यसको अनुगमन गर्दा नेपाल सरकारको योजना तर्जुमामा ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन तथा उत्खनन कार्यको अनुगमन कर्ता जिल्ला समन्वय समिति पनि हो। जिल्ला समन्वय समिति र गाउँपालिका बिच समन्वयकारी भूमिका हुनेछ ।

#### ८.१.२ वन तथा वातावरण मन्त्रालय

वन जङ्गल क्षेत्रभित्र पर्ने सबै प्रकारका नदी खोलाहरू वन तथा वातावरण मन्त्रालयको कार्य क्षेत्रभित्र पर्छन् र तिनीहरूको व्यवस्थापनको लागि जिल्लास्तरमा जिल्ला वन कार्यालय हुन्छ । त्यसकारण

नदी, खोलावाट ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन/उत्खनन कार्यको वातावरणीय व्यवस्थापनका लागि यस मन्त्रालयको समन्वयकारी जिम्मेवारी हुन्छ ।

वातावरणीय असरहरू र तिनीहरूको न्यूनीकरणका उपायहरूको सवाल आउना साथ वन तथा वातावरण मन्त्रालयको भूमिका पनि अनिवार्य हुन्छ। वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ को केन्द्रस्तरमा कार्यान्वयन गर्ने सम्बन्धित निकाय भनेको वन तथा वातावरण मन्त्रालय हो । त्यसैले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा वातावरण संरक्षण ऐन र नियमावलीलाई मुख्य आधार बनाउनु अनिवार्य हुन्छ ।

### ८.१.३. जिल्ला समन्वय समिति, भोजपुर

नदी खोलावाट ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन/उत्खनन ढुवानी गर्न स्वीकृति प्रदान गर्ने संस्था जिल्ला समन्वय समिति पनि हो । नदी खोलावाट ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन कार्यको कार्यान्वयन र अनुगमन गर्ने जिल्ला समन्वय समिति जिल्लाकै सबैभन्दा उच्च संस्था हो । ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन सम्बन्धि योजना र नीतिहरूले आफ्नो अनुकूल बनाई कार्यान्वयन गर्ने तथा योजना र नीतिहरू अनुरूप वातावरणीय व्यवस्थापन र अनुगमन जिल्ला समन्वय समितिको दायित्व भित्र पर्दछ । रामप्रसादराई गाउँपालिकासँग समन्वयकारी भूमिका गर्नेछ ।

### ८.१.४. जिल्ला वन कार्यालय, भोजपुर

जिल्ला वन कार्यालयको वन क्षेत्र भित्र पर्ने नदी, खोलाहरूवाट ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन/उत्खनन कार्यको स्वीकृति दिन सक्ने आधिकारिक संस्था जिल्ला वन कार्यालय पनि हो । जिल्ला भित्रवाट बग्ने खोलाहरूको किनारबाट, वन क्षेत्रभित्र पर्ने घाटहरूबाट ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन कार्य जिल्ला वन कार्यालय र जिल्ला समन्वय समितिको अनुमतिमा गर्न पाइन्छ । त्यसकारण नदी खोलावाट ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन/उत्खनन कार्यको वातावरणीय व्यवस्थापनका लागि यस कार्यालयको समन्वयकारी जिम्मेवारी हुन्छ । रामप्रसादराई गाउँपालिका र जिल्ला वन कार्यालय भोजपुर बिच आयस्रोत बाँडफाडको सवाल कानुन बमोजिम हुनेछ ।

### ८.१.५. रामप्रसादराई गाउँपालिका अनुगमन समिति

गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहेको गाउँपालिका अनुगमन तथा समन्वय समितिको नदी तथा खोलावाट ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन/उत्खनन गर्दा पर्ने अनुकूल तथा प्रतिकूल प्रभावहरूको नियमित अनुगमनको जिम्मेवारी हुन्छ । जिल्ला समन्वय समिति र जिल्ला वन कार्यलयसँग समन्वय गरि कार्य गर्नेछ ।

### ८.१.६ गाउँपालिका तथा स्थानीय गैरसरकारी तथा समुदायमा आधारित संस्थाहरू

गाउँपालिका तथा विभिन्न स्थानीय क्लबहरू, गैरसरकारी संस्थाहरू, सामुदायिक वन उपभोक्ता समूहहरू आदि संघ सस्थाहरूले ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन, ढुवानी कार्य र वातावरण संरक्षणमा अगुवाका रूपमा भूमिका खेल्न सक्नेछन्। यस्ता संस्थाहरू नदी खोलावाट ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन/उत्खनन गर्दा परिरहेको प्रतिकूल प्रभावहरूको नियमित अनुगमन र सूचना प्रवाह गरि वातावरणीय व्यवस्थापनका लागि जिम्मेवार हुन्छन्।

## ८.२ वातावरणीय व्यवस्थापन योजना र समय तालिका (Environmental Management Plan (EMP) and Time Schedule)

तल दिइएको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १७. वातावरण व्यवस्थापन योजनाको खाका**

| विषयगत क्षेत्र | सकरात्मक प्रभावको बढोतरिको क्रियाकलाप | के के गर्ने | कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति, बजेट, समय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|
| | रोजगारीको क्रियाकलाप | प्रस्तावित प्रस्ताव क्षेत्रमा रोजगारीको लागि स्थानीय वासिन्दालाईनै प्राथमिकता दिनु पर्ने | प्रस्ताव क्षेत्र | सङ्कलन चरणमा | ठेकेदार | थप दस्तुर नलाग्ने | गाउँपालिका/वडा |
| | आयस्रोतमा वृध्दि | स्थानीय वासिन्दाहरूलाईनै प्राथमिकता दिनु पर्ने | स्थानीय वासिन्दाहरूलाईनै प्राथमिकता दिनु पर्ने | उत्खनन तथा सङ्कलन | ठेकेदार | थप दस्तुर नलाग्ने | गाउँपालिका/वडा |
| | विकास तथा निर्माण सामग्रीको उपलब्धता | सजिलै विकास तथा निर्माण सामग्रीको उपलब्धता गर्ने | स्थानीय स्तर | सङ्कलन | ठेकेदार | थप दस्तुर नलाग्ने | गाउँपालिका/वडा |
| | व्यपार व्यवसायमा वृध्दि | नयाँ खाध्यान्न पसल, चिया पसल, होटल खुल्ने | स्थानीय स्तर | सङ्कलन | स्थानीय जनता | थप दस्तुर नलाग्ने | गाउँपालिका/वडा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रस्ताव कार्यान्वयन क्रममा घर अस्थायी रूपमा अधिग्रहित जग्गाबाट भाडा | प्रस्ताव कार्यान्वयन र स्थानीय बिचमा समझदारी गरि भाडा तय गर्ने | प्रस्ताव क्षेत्र | उत्खनन र सङ्कलन | ठेकेदार | आपसी समझदारीमा | गाउँपालिका/ठेकेदार/स्थानीय जनता |
| | प्राविधिक सीपहरूको अभिवृध्दि | स्थानीय युवाहरूलाई लक्षित गरी सिप वृध्दि तालिमको व्यवस्था गर्ने, प्रस्तावको श्रमिकहरूलाई उपकरण चलाउने, सीप वृध्दि गर्ने तालिम दिने | स्थानि स्तर | सङ्कलनको चरणमा | ठेकेदारले प्रशिक्षण दिने | ३००००० | गाउपालिका |
| | काठको प्रयोगमा गिरावट | प्रस्तावले गर्दा प्रभाव क्षेत्रका वासीन्दालाई काठको प्रयोगमा निर्भरता घटाउने | स्थानीय स्तर | सङ्कलन | गाउँपालिका | थप दस्तुर नलाग्ने | गाउँपालिका |
| | सडक सञ्जालको विकास तथा यातायातको सुविधा | सडक सञ्जालको विकास तथा यातायातको सुविधामा पहुँच | स्थानीय स्तर | सङ्कलन | गाउँपालिका | थप दस्तुर नलाग्ने | गाउँपालिका |
| | किनारा कटान तथा बाढी प्रकोप न्यूनिकरण | किनारा कटान तथा बाढी प्रकोपको पहिचान गरी आवश्यकता अनुसार पर्खाल निर्माण गर्ने | सम्बन्धित ठाउँ | सङ्कलन | गाउँपालिका | ३००००० | गाउँपलिका/वडा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | राजस्व सङ्कलन | राजस्व सङ्कलनबाट प्रस्तावित क्षेत्रको विकास कार्यमा खर्च गर्ने | स्थानीय स्तर | सङ्कलन | गाउँपालिका, जनता, पर्यटन व्यवसायी | | गाउँपालिका र स्थानीय जनताको समझदारीमा दस्तुर तय गर्ने |
| | जम्मा लागत | | | | | ६००००० | |
| **विषयगत क्षेत्र** | **नकरात्मक प्रभावको बढोतरिको क्रियाकलाप** | **के के गर्ने** | **कहाँ गर्ने** | **कहिले गर्ने** | **कसले गर्ने** | **अनुमानित जनशक्ति, बजेट, समय** | **अनुगमन तथा मूल्याङ्कन** |
| सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्र | **निर्माण चरण** | | | | | | |
| | खेती योग्य जमिनको क्षय | प्रस्तावको व्यवस्था अनुसार प्रभावित व्यक्तिद्वारा स्वेच्छाले दिने अथवा क्षतिपूर्ति दिने | प्रस्ताव क्षेत्र | सङ्कलन चरणमा | प्रभावित व्यक्ति | पुनःस्थापना योजनामा राखिने | गाउँपालिका,वडा र स्थानीय जनता |
| | पेशागत स्वास्थ्य तथा सुरक्षा | कामदारहरूलाई सुरक्षाको साधन उपलब्ध गराउने र वीमा गर्ने, जोखिम क्षेत्रहरूमा सुरक्षासँग सम्बन्धित विभिन्न सङ्केत चिन्ह राख्ने | प्रस्ताव क्षेत्र | सङ्कलन चरणमा | ठेकेदार | १००००० | गाउँपालिका |
| | धर्म, संस्कृति र परम्परामा प्रभाव | प्रस्तावको व्यवस्था अनुसार प्रभावित संरचनाको निर्माण तथा मर्मत प्रस्तावकले गरिदिने | प्रस्ताव क्षेत्र | सङ्कलन चरणमा | गाउँपालिका/ ठेकेदार | १००००० | गाउँपालिका,वडा र स्थानीय जनता |
| | बाल मजदुर | बाल श्रमिकलाई कडाइका साथ | प्रस्ताव क्षेत्र | सङ्कलन | गाउँपालिका/ | | गाउँपालिका |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बढ्न सक्ने | निषेधित गर्ने | | चरणमा | ठेकेदार | | |
| | कामदारहरूबिच झै-झगडा | श्रमिकहरूलाई सम्भावित दन्द्वको बारे सचेत गराउने, अभिमुखिकरण/अन्तरक्रिया कार्यक्रम प्रस्ताव गर्ने र श्रम आचार संहिता पालना गराउने | प्रस्ताव क्षेत्र | सङ्कलन चरणमा | गाउँपालिका/ ठेकेदार | २००००० | गाउँपालिका |
| | सामाजिक अपराधमा वृध्दि | स्थानीय संस्कृति र मान्यतालाई सम्मान गर्ने | प्रस्ताव क्षेत्र | सङ्कलन चरणमा | ठेकेदार | | गाउँपालिका |
| **जैविक क्षेत्र** | माछा एवम् अन्य जलचरमा पर्ने प्रभाव | रात्रीमा अत्यावश्यक काम बाहेक प्रभाव क्षेत्रमा सवारी साधन नचलाउने,<br>खोला भित्र सवारी साधन नचलाउने,<br>करेण्ट लगाएर माछा मार्न प्रतिबन्ध गर्ने,<br>श्रमिकलाई नजिकको वनमा शिकार खेल्न प्रतिबन्ध गर्ने,<br>वन्यजन्तु ओहोरदोहोर गर्ने ठाउँ पहिचान गरि गतिविधि कम गर्ने,<br>खोला भित्र सवारी साधन नचलाउने | नजिकको वन क्षेत्र | सङ्कलन चरणमा | गाउँपालिका/ ठेकेदार | थप दस्तुर नलाग्ने | गाउँपालिका, सामुदायिक वन उपभोक्ता समूह |
| | वन्यजन्तुको | मजदुरहरूलाई वन्यजन्तुको | प्रस्ताव क्षेत्र | सङ्कलन | ठेकेदार | सूचना पाटिको | गाउँपालिका, |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | चोरि शिकार | महत्वको बारेमा बुझाउने, सूचना पाटि राख्ने | वरिपरि भएका वन जङ्गल | चरणमा | | लागि रु. ५०००० | जनता, वन उपभोक्ता समूह |
| | वनजङ्गलमा पर्ने थप असर | सङ्कलन कार्यमा संलग्न श्रमिकहरूलाई खाना पकाउनका लागि एलपी ग्यासको व्यवस्था गर्ने | प्रस्ताव क्षेत्रको आवास | सङ्कलन चरणमा | ठेकेदार | थप दस्तुर नलाग्ने | गाउँपालिका |
| **भौतिक क्षेत्र** | **निर्माण चरण** | | | | | | |
| | टोपोग्राफीमा परिवर्तन | कृषियोग्य जमिनको क्षति कम गर्ने उपायको अबलम्वन गर्ने, जमीन स्थिर गर्नका लागि बायो-इन्जिनियरीङ प्रबिधि अपनाउने | प्रस्ताव क्षेत्र | सङ्कलन चरणमा | गाउँपालिका/ ठेकेदार | थप दस्तुर नलाग्ने | गाउँपालिका, स्थानीय जनता |
| | वायु प्रदुषण | धुवाँ, धुलोबाट हुने हानी न्युनीकरण गर्नका लागि अनुहारमा मास्क प्रयोग गर्न श्रमिकलाई प्रोत्साहित गर्ने, धुलो उत्सर्जन हुने क्षेत्रमा पानी छर्कन व्यवस्था गर्ने, त्रिपालले छोपेर मात्र ढुवानी गर्ने | प्रस्ताव क्षेत्र | सङ्कलन चरणमा | ठेकेदार | थप दस्तुर नलाग्ने | गाउँपालिका, स्थानीय जनता |
| | ध्वनि प्रदुषण | ध्वनि प्रदुषणबाट हुने क्षति कम गर्नका लागि सवारीसाधनले प्रयोग गर्ने हर्न बस्ती, | प्रस्ताव क्षेत्र | सङ्कलन चरणमा | ठेकेदार/सवारी चालक | थप दस्तुर नलाग्ने | गाउँपालिका, स्थानीय जनता, ठेकेदार |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | विध्यालय, र अस्पताल क्षेत्रमा प्रतिबन्ध गर्ने,<br>बस्ती, विध्यालय र धार्मिक क्षेत्रबाट टाढा राख्ने मापदण्ड अनुसार गर्ने | | | | | |
| | जल प्रदुषण | मजदुर आवासबाट निस्कने मलमुत्र वा फोहोरलाई सेफ्टी टेङ्किमा विसर्जन गराउने व्यवस्था गर्ने | प्रस्ताव क्षेत्र | सङ्कलन चरणमा | ठेकेदार/श्रमिक | थप दस्तुर नलाग्ने | गाउँपालिका, स्थानीय जनता, ठेकेदार |
| | | वासिङ गर्दा निस्कने फोहोर पानीलाई थिग्रने पोखरी निर्माण गरि व्यवस्थित गर्ने | प्रस्ताव क्षेत्र | सङ्कलन चरणमा | ठेकेदार | २००००० | गाउँपालिका, ठेकेदार |
| | उत्खनन तथा सङ्कलन क्षेत्रमा सामग्री भण्डारणको | माटो काट्ने क्रममा निस्किएका ढुङ्गा तथा माटोलाई अर्को ठाउँमा निर्माण कार्यमानै प्रयोग गर्ने,<br>बढी भएका सामग्रीलाई निश्चित स्थानमा विसर्जन गर्ने | प्रस्ताव क्षेत्र | सङ्कलन चरणमा | ठेकेदार | थप दस्तुर नलाग्ने | गाउँपालिका, ठेकेदार |
| | फोहोर ब्यबस्थापन | प्रस्ताव क्षेत्रबाट निस्कने पुनः प्रयोग गर्न मिल्ने ठोस फोहोरलाई पुनः प्रयोग गर्ने, तथा नमिल्ने वस्तुलाई खाडल खनेर सुरक्षित तवरबाट पुर्ने | प्रस्ताव क्षेत्र | सङ्कलन चरणमा | ठेकेदार | थप दस्तुर नलाग्ने | गाउँपालिका, ठेकेदार |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पानीको प्राकृतिक बहाब | खोलानाला तथा खोल्साको प्राकृतिक बहाबलाई अवरोध नगर्ने | प्रस्ताव क्षेत्र | सङ्कलन चरणमा | गाउँपालिका/ ठेकेदार | थप दस्तुर नलाग्ने | गाउँपालिका, ठेकेदार, स्थानीय जनता |
| **रसायनिक क्षेत्र** | **निर्माण चरण** | | | | | | |
| | इन्धन, लुब्रिकेन्टस, अम्ल तथा रसायनको चुहावट | इन्धन, लुब्रिकेन्टस, अम्ल तथा रसायनको चुहावटमा रसायनिक प्रदुषण हुनाले सावधानी अपनाउने | प्रस्ताव क्षेत्र | सङ्कलन चरणमा | गाउँपालिका/ ठेकेदार | थप दस्तुर नलाग्ने | गाउँपालिका, ठेकेदार, स्थानीय जनता |
| | **जम्मा** | | | | | **६५००००** | |

## ८.३. अनुगमन तथा वातावरणीय व्यवस्थापन योजना र समय तालिका (Monitorinng, EMP and Time Schedule)

राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० ले व्यवस्था गरे अनुसार आधार रेखा अनुगमन (Baseline Monitoring), नियमपालन अनुगमन (Complaince Monitoring) र प्रभाव अनुगमन (Impact Monitoring) प्रकारका अनुगमन हुन सक्ने कुरा औल्याइएको छ । वातावरणीय अनुगमन प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रभावको वातावरणीय अनुगमन निम्न उदेश्यप्राप्तिका लागि गरिनेछ|

* कानुनले तोकेको सीमा भन्दा बढी मात्रामा प्रभाव पर्न नदिन,

* वातावरणीय प्रभाव कम गर्ने अपनाइएका उपाय वातावरणीय प्रतिवेदनमा उल्लेख भए अनुसार कार्यान्वयन भएका छन् कि छैनन्,

* सम्भावित वातावरणीय क्षतिबारे सचेत गराउने,

* पहिचान गरिएका तथा आँकलित प्रभाव वास्तविकतासँग कति नजिक छन् ।

### ८.३.१ वातावरणीय अनुगमनको प्रकार

**क) प्रारम्भिक अवस्थाको अनुगमन (Baseline Monitoring)**

प्रस्तावित प्रस्तावको निर्माण कार्य शुरु गर्नुभन्दा अगावै निर्माण स्थल र वरपरका आधारभूत वातावरणीय पक्षको सर्वेक्षण गर्नु पर्नेछ । यसले गर्दा अनुगमनको सिलसिलामा प्रारम्भिक अवस्थाको तुलनामा वातावरणीय पक्षमा भएको परिवर्तन बारेमा थाहा पाउन सकिन्छ । यसैले प्रारम्भिक अवस्थाको अनुगमन गरिदैन तर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा रहेका जानकारीलाई प्रस्तावको प्रारम्भिक डाटा भनि मनिनेछ ।

**ख) प्रभाव अनुगमन (Impact Monitoring)**

प्रस्ताव कार्यान्वयनबाट भएका वातावरणीय परिवर्तन पत्ता लगाउन प्रस्ताव सञ्चालनका क्रममा त्यस क्षेत्रको जनस्वास्थ्य लगायत पर्यावरणीय, सामाजिक र आर्थिक अवस्थाका सूचकको मूल्याङ्कन गरिनेछ ।

